# परिच्छेद -एक

# शोध-परिचय

## १.१ शोधशीर्षक

यस अध्ययनको शीर्षक **लक्ष्मीप्रसाद देवकोटाको 'ज्वरशमना प्रकृति' कविताको संरचनात्मक अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय बुटवल बहुमुखी क्याम्पस शिक्षाशास्त्र संकाय नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको पाँचौं पत्र (पाठ्यांश नेपा.शि. ५९८) को आंशिक आवश्यकता परिपूर्तिका लागि तयार गरिएको हो ।

## १.३ समस्याकथन

कविताका संरचक घटकहरूका आधारमा 'ज्वरशमना प्रकृति' कविताको विश्लेषण र विवेचना गर्नु नै प्रस्तुत शोधपत्रको प्रमुख कार्यभार रहेको छ । यसै प्रमुख समस्यासँग सम्बद्ध रहेर यस अध्ययनले निम्निलिखित सवालहरूको समाधान खोजेको छ :

१. 'ज्वरशमना प्रकृति' कविताको आन्तरिक र बाह्य संरचना कस्तो रहेको छ ?

२. उपर्युक्त कविताको भावको विकास कस्तो रहेको छ ?

३. उपर्युक्त कविताको भाषाशैली कस्तो रहेको छ ?

## १.४ अध्ययनका उद्देश्यहरू

प्रस्तुत अध्ययनका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

१. 'ज्वरशमना प्रकृति' कविताको आन्तरिक र बाह्य संरचना पहिचान गर्नु,

२. उपर्युक्त कविताको भाव-विन्यास प्रक्रियाको अध्ययन गर्नु,

३. उपर्युक्त कविताको भाषिक संरचना तथा भाषाशैलीय विन्यासको पहिचान गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

कुनै पनि शोधकार्य गर्नुपूर्व त्यससँग सम्बन्धित विषयमा पहिले नै गरिएको अध्ययन विश्लेषण तथा खोजलाई आधारको रूपमा लिनुपर्ने हुनाले यहाँ प्रस्तुत कविताका विभिन्न विद्वान्हरूबाट गरिएका अध्ययन-विश्लेषण तथा खोजलाई आधारको रूपमा लिई ती अध्ययनहरूको सङ्क्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।

१. वासुदेव त्रिपाठीले आफ्नो विशाल काव्यशास्त्रीय ग्रन्थ **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,** भाग-२ (२०४९,तृ.सं.) मा 'संरचनावाद : सिद्धान्त र प्रयोग (संरचनावादी समालोचना)' शीर्षकमा संरचनावादी साहित्यिक सिद्धान्तको विस्तृत चर्चा र विवेचना गरेका छन् ।

२. चूडामणि बन्धुले **देवकोटा** (२०३६) कृतिमा देवकोटाले आफ्ना जीवनका विभिन्न समयमा रचेका रचनाहरूको देवकोटाको जीवनीका सन्दर्भसँग जोड्दै छुट्टाछुट्टै शीर्षक दिएर प्रस्तुत गरेका छन् । देवकोटाले आफ्ना जीवनमा रचना गरेका प्रकाशित तथा अप्रकाशित रचनालाई यसमा समेट्ने काम गरेका छन् । यस कृतिको अध्याय ७ मा 'प्रज्ञा प्रतिष्ठानमा' शीर्षकको 'एसियाली लेखक सम्मेलनमा' उपशीर्षकभित्र उनले 'ज्वरशमना प्रकृति' कविताका बारेमा चर्चा र विवेचना गरेका छन् ।

३. वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदीद्वारा सम्पादित **नेपाली कविता, भाग-४** (२०४६) कृतिमा 'ज्वरशमना प्रकृति' कविताको संरचना, भाषाशैली, विषयवस्तु, मूलभाव आदि दिइएको छ ।

४. कुमारबहादुर जोशीले **देवकोटाका कवितायात्राको विश्लेषण र मूल्याङ्कन** (२०४७) कृतिमा लक्ष्मीप्रसादका कविता-यात्राको चरण विभाजन गरी विभिन्न मोड-उपमोडहरूका आधारमा उनका कवितात्मक प्रवृत्ति तथा प्राप्तिहरूलाई केलाएका छन् । यस पुस्तकमा यिनले 'देवकोटाको कविता-यात्राका चार दशकः सङ्क्षिप्त चर्चा' शीर्षक अन्तर्गत चौथो दशक (२००७-२०१६साल) का कविता-कृतिमा र पाँचौं मोड र त्यस अर्न्तगतका उपमोडहरूका स्वरूप तथा प्रवृत्ति र प्राप्ति' शीर्षकमा 'ज्वरशमना प्रकृति' कविताका बारेमा उल्लेख गरेका छन् ।

५. कुमारबहादुर जोशीले **देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना** (२०४८) कृतिमा 'देवकोटाका कवितायात्राको चौथो दशक (२००७-२०१६ सालका कविताकृति)'

मूलशीर्षक र २०१३ सालका कविताकृति उपशीर्षकमा ‘ज्वरशमना प्रकृति’ कविताका बारेमा उल्लेख गरेका छन् ।

६. मोहनराज शर्माले **शैलीविज्ञान** (२०४८) कृतिमा ‘कविताको संरचना’ शीर्षकमा संरचनाको अर्थ तथा कविताका तीनवटा संरचनात्मक प्रकारहरू प्रगीतात्मक संरचना, आख्यानात्मक संरचना र नाटकीय संरचना प्रस्तुत गरेका छन् ।

७. मोहनराज शर्माले **समकालीन समालोचनाः सिद्धान्त र प्रयोग** (२०५५) कृतिमा ‘कविताको संरचना’ शीर्षकमा संरचनाको परिचय प्रस्ततु गर्दै कविताका संरचक तत्त्वहरू देखाएका छन् । यिनले कविताका संरचनात्मक प्रकारहरूलाई पनि देखाएका छन् ।

८. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** (२०६१) कृतिमा ‘संरचनावाद’ शीर्षकमा संरचनावादको परिचय, पृष्ठभूमि, परिभाषा, शक्ति तथा सीमा प्रस्तुत गरिएको छ ।

९. खगेन्द्रप्रसाद लुइटेलले **कविताको संरचनात्मक विश्लेषण** (२०६२) कृतिमा संरचनावादको परिचय, पृष्ठभूमि, परिभाषा, कविताका संरचनात्मक घटकहरू, कविताका संरचनात्मक प्रकार आदिको उल्लेख गर्दै प्रगीतात्मक, आख्यानात्मक र नाटकीय कविताका उदाहरणसहित छुट्टाछुट्टै र बिस्तारपूर्वक विश्लेषण गरेका छन् ।

## १.६ अध्ययनको औचित्य एवम् महत्त्व

लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित ‘ज्वरशमना प्रकृति’ कविताको सामान्य अध्ययन विश्लेषण भए तापनि यसको संरचनात्मक पक्षको गहन अध्ययन हुन नसकेको सन्दर्भमा प्रस्तुत अध्ययनको औचित्य एवम् महत्त्व रहेको मान्न सकिन्छ । यस क्रममा प्रस्तुत कविताको संरचनाका विभिन्न तत्त्वहरूको अध्ययन अनुसन्धान गरी त्यसलाई प्रकाशमा ल्याउनका लागि प्रस्तुत शोधकार्य थालिएको हो । एउटै फुटकर कवितालाई केन्द्रीय विषय बनाएर एउटा सैद्धान्तिक पर्याधारभित्र रहेर साङ्गोपाङ्ग अध्ययन गरिएको सम्भवतः यो पहिलो शोधपत्र पनि हो । यस परिप्रेक्ष्यमा यस शोधपत्रले अध्ययनको नयाँ क्षेत्रको उद्घाटनसमेत गरेको छ ।

यस शोधपत्रमा कविता विश्लेषणका लागि संचरनावादी प्रारूपअन्तर्गत परिचय, विभाजन, सङ्गठन, वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यासका साथै तुलना ('ज्वरशमना प्रकृति' र 'द वर्ल्ड इज टु मच् विथ् अस्') र उपसंहारका आधारमा कविताको अध्ययन-विश्लेषण गरिने हुनाले यस विषयमा जानकारी लिन चाहने जिज्ञासु पाठकका लागि यो शोधपत्र उपयोगी रहेको छ । यसका साथै भविष्यमा नेपाली कविताको संरचनात्मक पक्षको अध्ययन-अनुसन्धान गर्न चाहने शोधार्थीहरूलाई शोधकार्यको निम्ति गोरेटो प्रदान गर्ने भएकाले प्रस्तुत शोधकार्यको उपयोगिता स्वतः प्रस्ट हुन्छ ।

प्रस्तुत कविता एम्.एड्. तथा एम्.ए. नेपाली समूह प्रथम वर्षमा पाठ्यवस्तुका रूपमा पनि राखिएको हुनाले यस तहमा अध्ययन अध्यापन गर्नेहरूका लागि पनि यस शोधपत्रले सहयोगी भूमिका खेल्न सक्ने भएकाले यसको शैक्षणिक महत्त्व पनि स्वतः स्पष्ट रहेको छ ।

## १.७ अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययनका निम्नलिखित सीमाहरू रहेका छन् :

१. प्रस्तुत अध्ययन 'ज्वरशमना प्रकृति' कविताको संरचनात्मक पक्षका विभिन्न घटकहरूका आधारमा संरचनात्मक विश्लेषणमा मात्र सीमित रहेको छ,

२. यस अध्ययनमा पाश्चात्य स्वच्छन्दतावादी प्रवृत्ति र पूर्वीय अध्यात्मवादी दर्शनको बारेमा प्रसङ्गअनुसार मात्र सामान्य चर्चा गरिएको छ । महाकवि देवकोटाका कविताको अध्ययन-विश्लेषणका क्रममा विशेष महव राख्ने यी प्रवृत्ति र दर्शनहरूको सैद्धान्तिक स्वरूपहरूको निरूपण नगरिनु पनि यसको सीमा रहेको छ,

३. कविता विश्लेषणका निर्धारित मानकहरूका आधारमा विवेच्य कविताको अध्ययन गरिएको हुनाले महाकवि देवकोटाका अन्य प्रमुख फुटकर कविताहरूसँग तुलना गर्ने र स्थान निर्धारण गर्ने कार्य यस शोधपत्रमा गरिएको छैन ।

## १.८ अध्ययन विधि

प्रस्तुत शोधपत्रमा शोध विषयसँग सम्बद्ध आवश्यक सामग्रीहरू प्राथमिक र द्वितीयक दुवै स्रोतबाट सङ्कलन गरिएको छ । यस क्रममा पुस्तकालयीय अध्ययन विधिको प्राथमिक भूमिका रहेको छ ।

यस शोध-अध्ययनको शीर्षकअनुसार नै यो शोधपत्र संरचनावादी विश्लेषणमा आधारित भएको हुनाले यसमा अनुगमन/निगमन पद्धतिको प्रधानता रहेको छ भने आगमन पद्धति गौण स्थानमा रहेको छ । संरचनावादी प्रणाली तथा स्वच्छन्दतावादी काव्य प्रवृत्तिलाई शीर्षस्थानमा राखिएको हुनाले यो अवस्था रहेको हो ।

यस शोधपत्रमा विषयको विश्लेषणपक्षमा बढी जोड दिइएको हुँदा व्याख्यात्मक-वर्णनात्मक विधि बढी अँगालिएको छ भने समग्र शोधसंरचनाका क्रममा नै संश्लेषणात्मक विधिको महत्त्व रहेको छ । यसका साथै यस शोध-अध्ययनमा तुलनात्मक अध्ययन पद्धतिलाई पनि उपयोग गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रमा जम्मा चार परिच्छेदहरू रहेका छन् :

परिच्छेद एक : परिचय

परिच्छेद दुई : सैद्धान्तिक पृष्ठभूमि

परिच्छेद तीन : 'ज्वरशमना प्रकृति' कविताको संरचनात्मक अध्ययन

परिच्छेद चार : व्याख्या र निष्कर्ष

सन्दर्भग्रन्थसूची

# परिच्छेद –दुई

# सैद्धान्तिक पृष्ठभूमि

## २.१ संरचनावादको परिचय

संरचनावाद शब्द अङ्ग्रेजी भाषाको 'स्ट्रक्चरलिज्म' शब्दको समानार्थी नेपाली शब्द हो । 'यस शब्दको व्युत्पत्ति ल्याटिन भाषाको Struct–Struere धातुमा Ure प्रत्यय लागेर निर्मित Structure तथा स्पेनेली Estructura र इटालेलीको Struttura शब्दबाट भएको हो । यसको शाब्दिक अर्थ 'बनाउनु वा निर्माण गर्नु' भन्ने हुन्छ ।' (लुइटेल, २०६२: ४२) ज्ञानविज्ञानका विभिन्न क्षेत्रमा अनेक अर्थमा प्रयोग भएको पाइने यस शब्दले अमूर्तता, जटिलता र नवनिर्माणलाई पनि  जनाउँछ । सामान्यतः कुनै वस्तुलाई सङ्गठित एवम् व्यवस्थित रूपमा एकत्रित गर्नु भन्ने बुझाउने संरचनाको मुख्य अर्थ कुनै वस्तु वा कृतिको सम्पूर्णता तथा त्यसको निर्माण गर्ने घटकहरूको कुलयोगलाई संरचना भनिन्छ । 'यसले वस्तुका विभिन्न भाग वा एकाइहरूका बीचको पारस्परिक सम्बन्धको योगलाई बुझाउँछ ।' (लुइटेल, २०६२:४३) यसरी कुनै पनि वस्तु, कृति वा विषयको संरचनामा केन्द्रित भई त्यसको वस्तुगत र वैज्ञानिक ढङ्गले विश्लेषण गर्ने पद्धतिलाई संरचनावाद भनिन्छ । गेस्टाल्ट दर्शनबाट समेत प्रभावित भएको मानिने संरचनावादले साहित्यको कृतिलाई एकीकृत ढङ्गले पूर्ण आकृति प्रदान गर्ने अंशहरूको विन्यासलाई जनाउँछ । साहित्यिक कृतिका योजनाबद्ध पर्याधार मानिने संरचना र रूपका  बीच सामान्य भिन्नता भए पनि खास भिन्नता नहुनाले यी दुवै  शब्द (संरचना र रूप) लाई समानार्थी शब्दका रूपमा प्रयोग गरिन्छ र यी दुवै एकै खाले व्यवस्था हुन् । 'संरचना र रूप अमूर्त हुन्छन् तर यिनलाई निर्माण गर्ने अन्य साना घटकहरू चाहिँ मूर्त हुन्छन् । संरचना र रूप समानार्थी शब्द भए पनि आधुनिक समालोचनाका क्षेत्रमा रूपभन्दा संरचना शब्दको प्रयोग अधिक मात्रामा विशेष महत्त्वका साथ भएको देखिन्छ ।' (लुइटेल, २०६२:४६)

संरचनावादको खास सम्बन्ध वस्तु वा कृतिको संरचना वा संरचक घटकहरूसँग रहेको छ । अनेक घटकहरूद्वारा निर्मित व्यवस्थाका रूपमा रहने संरचनाको वस्तुगत विश्लेषणसँग संरचनावाद सम्बद्ध छ र यसले वस्तु वा कृतिका संरचक घटकहरू तथा तिनका बीचको आपसी सम्बन्ध केलाउँछ ।

## २.२ **संरचनावादको पृष्ठभूमि**

दोस्रो विश्वयुद्धपछि अथवा ‘सन् १९६० को दशकमा फ्रान्सेली सामाजिक चिन्तनमा विकसित संरचनावादलाई फ्रान्सेली मानवतवाद विशेष गरी जँ पोल सार्त्रको अस्तितत्ववादी चिन्तनको प्रतिक्रियाको रूपमा देखापरेको एउटा पद्धति मानिन्छ तथापि यसको प्रारम्भ र विकासमा अन्य विविध सन्दर्भहरूले पनि महत्त्वपूर्ण भूमिका खेलेका छन् ।’ (लुइटेल, २०६२:१२४) सर्वप्रथम इटालेली विधिशास्त्री गियाम्बाटिस्टा विकोको ‘द न्यू साइन्स’ (1725) ग्रन्थमा पाइने काव्यिक विवेक तथा रूपक र बिम्ब एवं मिथको सौन्दर्यशास्त्रमा फर्डिनान्ड ड सस्युरको ‘कोर्स इन् जेनरल लिङ्ग्विस्टिकस्’ (1915 अनु. 1959) पुस्तकमा प्रस्तुत भाषिक चिन्तनले सम्पूर्ण संरचनावादी चिन्तन परम्परामा विधिसम्मत आधारशिला प्रदान गरेको छ त्यसैले यिनलाई बीसौं शताब्दीको भाषाविज्ञानमा संरचनावादका प्रारम्भकर्ता वा संस्थापक हुने श्रेय प्राप्त छ । संरचनावादलाई सस्युरको संरचनात्मक भाषाविज्ञानका नियमहरूलाई आधार बनाएर सामाजिक, सांस्कृतिक, साहित्यिक आदि जुनसुकै विषयक्षेत्रमा प्रयोग गर्न सकिने आधुनिक बौद्धिक चिन्तनका रूपमा लिइन्छ ।

क्यानाडेली विद्वान् नर्थ्रोप फ्राईको ‘एनाटमी अफ् क्रिटिसिज्म’ (1957) पुस्तकले संरचनावादको विकासमा सहयोग गरेको पाइन्छ । साहित्यका सम्पूर्ण विधाहरूलाई समेटी अध्ययन गर्ने तथा समालोचनाका क्षेत्रमा देखापरेका अव्यवस्थित, अवैज्ञानिक, व्यक्तिगत तथा मनोगत अस्तव्यस्ततालाई व्यवस्थित तुल्याउने उद्देश्यले यो पुस्तक लेखिएको हो ।

प्राग् भाषिक समूहले सन् १९२९ मा आयोजना गरेको स्लाभेली भाषाशास्त्रीहरूको पहिलो अन्तर्राष्ट्रिय सम्मेलनका बेला संरचना शब्दले व्यापक प्रचारको मौका पायो । यस सम्मेलनमा रसियाली भाषाशास्त्री बोड्वाँ द कुर्टनेद्वारा लिखित ‘थेसिस’ नामक कृतिले संरचनावादलाई व्यापक रूपले अर्थ्याएको पाइन्छ ।

फर्डिनान्ड ड सस्युरबाट प्रभावित फ्रान्सेली मानवशास्त्री क्लड लेभाइ स्ट्राउसले सामजिक संरचना, मिथ आदिको अध्ययन-विश्लेषण गर्न थालेपछि खासमा संरचनावादको प्रारम्भ भएको मानिन्छ । यिनको ‘स्ट्रक्चरल एन्थ्रोपोलोजी’ (1959 अनु. 1968) नामक पुस्तक प्रकाशन भएपछि 1960 को दशकमा फ्रान्समा स्थापित संरचनावादले मानवशास्त्र, समाजविज्ञान, समाजशास्त्र, भाषाविज्ञान, साहित्य, लोकसाहित्य, संस्कृति, विज्ञान, गणित आदि अनेक विषयक्षेत्रलाई ओगटेको छ । सङ्केतविज्ञानसँग जोडिएर संरचनावादले अझ

विकास गरेको र युरोप अमेरिकाका साथै संसारका विभिन्न मुलुकहरूमा वैचारिक आन्दोलनका रूपमा फिंजिएको पाइन्छ ।

संरचनावादलाई भाषिक तथा साहित्यिक सिद्धान्तका रूपमा विकसित गर्ने विभिन्न सम्प्रदायहरू छन् । यस्ता सम्प्रदायहरूमा जेनेभा सम्प्रदाय, रसियाली सम्प्रदाय, प्राग सम्प्रदाय, कोपेनहेगेन सम्प्रदाय, फ्रान्सेली सम्प्रदाय, बेलायती सम्प्रदाय र अमेरिकाली सम्प्रदाय छन् ।

## २.३ संरचनावादको परिभाषा

संरचनावाद भाषाविज्ञान, मानवशास्त्र, समाजशास्त्र, मनोविज्ञान, साहित्य, लोकसाहित्य, संस्कृति, विज्ञान, गणित आदिका क्षेत्रमा व्याप्त वैज्ञानिक सिद्धान्त एवम् प्रणाली हो । यसकारण यसले व्यापक क्षेत्र ओगटेको छ । यही विषयक्षेत्रगत व्यापकता र असीमितताका कारण यसलाई अनेक ढङ्गले परिभाषित गरी अर्थ्याउने प्रचलन रहेको देखिन्छ । संरचनावालाई विभिन्न समय र ठाउँका विभिन्न विद्वान्हरूले अनेक प्रकारले परिभाषित गरेका छन् ती मध्ये प्रमुख परिभाषाहरू तल प्रस्तुत गरिन्छ :

१. कुनै वस्तुलाई हेर्ने दृष्टिकोण संरचनावाद हो ।

- क्लड लेभाइ-स्ट्राउस

२. संरचनावाद एउटा सम्प्रदाय वा आन्दोलन मात्र नभई अपरिहार्य गतिविधि हो ।

- रोलाँ बार्थ

३. संरचनावाद भनेको संरचनाको अध्ययनमा आधारित एउटा पद्धति हो ।

- जेरर्ड जेने

४. संरचनावाद नियम र रूपहरूलाई केवल विद्यमान वस्तुमा अनुभूत गर्न सकिने तथा तिनीहरूमाथि निर्वैयक्तिक रुचि राखिने वैज्ञानिक विधि हो ।

- भितान तोदोरोब

५. विभिन्न व्यक्तिद्वारा विभिन्न वस्तुलाई जनाउन प्रयोग गरिने बौद्धिक प्रचलन संरचनावाद हो ।

- एड्मन्ड लिच

६. सर्वाधिक रूपमा संरचनाको बोध र वर्णनसँग सम्बद्ध प्रक्रिया तथा आधारभूत रूपमा जगत्प्रतिको एउटा चिन्तन पद्धति संरचनावाद हो ।

- टेरेन्स हक्स

७. अनुसन्धाताले आफ्नो अनुभूतिलाई विशुद्ध वर्णनमा सीमित नराखी तार्किक ढङ्गले सामाजिक र संवृत्तिको विश्लेषण गर्ने पद्धति संरचनावाद हो ।

- मिसेन लेन ।

८. लागू भइरहेका सामान्य नियमहरूको परीक्षण गर्ने संरचनासँग सम्बद्ध पद्धतिलाई संरचनावाद भनिन्छ ।

- टेरी इगल्टन

९. संरचनावाद परम्परागत शास्त्रीय व्यवहारमा नभई वैकल्पिक रूपमा मात्र अङ्गीकार गर्न सकिने क्रान्तिकारी पद्धति हो ।

- एफ जेफर्सन

१०. संरचनावाद स्पष्ट रूपमा संरचनामाथि केन्द्रित हुन्छ ।

- जर्ज रिजर

११. प्रत्येक चिजलाई भाषावैज्ञानिक दृष्टिले पुनरावलोकन गर्नु संरचनावाद हो ।

- फेडरिक जेमिसन

अवयव हुने हरेक वस्तु वा कृतिको आफ्नै प्रकारको आन्तरिक संरचना हुने र ती सबै स्वयम्मा पनि पूर्ण संरचना हुने भएकाले व्याकरणिक तहमा रहने एकाइहरू शब्द, वाक्य, अनुच्छेद, परिच्छेद सबैको आफ्नै प्रकारको आन्तरिक संरचना हुन्छ र ती सबैको योगबाट बन्ने साहित्यिक कृतिहरूको पनि छुट्टै संरचना हुन्छ तर व्याकरणिक संरचना रेखीय क्रममा सङ्गतिपूर्ण रहेको हुन्छ भने सङ्कथन रेखीयक्रममा नरहेको पनि हुन सक्छ तथापि प्रसङ्ग र सन्दर्भअनुसार पूर्वानुमान गर्न सकिने भएकाले यी दुवै (व्याकरणिक संरचना र सङ्कथन) सङ्गतिपूर्ण र सार्थक हुन्छ । 'संरचना वस्तु वा कृतिको सबैभन्दा वृहत् घटक भएपनि यसका आफ्नै लघुघटकहरु हुन्छन् जसको कुलयोगबाट सिङ्गो संरचना तयार

हुन्छ । यसका साथै संरचना कुलयोग मात्र नभएर त्यस कुलयोगबाट निर्मित सम्पूर्ण प्रभाव वा कृतिको व्यक्तित्व पनि हुन्छ ।' (लुइटेल, २०६२:५१)

'संरचनावादीहरूले सामान्यार्थमा संरचनालाई विशेषतः मानवीय संस्था र व्यवहारको अध्ययन मानेका छन् । यो सङ्केतव्यवस्थाको मुख्य र अमूर्त अभिलक्षण हो । भाषा एउटा संरचना हो, किनभने यसको निर्माण अन्तः सम्बन्धित एकाइहरूको सञ्जालबाट हुन्छ र ती अन्तः सम्बन्धित एकाइहरूको अर्थ विशेषतः पूर्णताका सम्बन्धबाट मात्र खुल्छ । यस अर्थमा संरचना र व्यवस्था पर्यायवाचीका रुपमा देखा पर्छन् । भाषा पनि एउटा संरचनात्मक व्यवस्था हो । व्याकरणिक संरचना र व्यवस्थामा आउने हरेक एकाइहरूको आपसी सम्बन्धलाई क्रमात्मक र वर्गात्मक दुवै ढङ्गले हेरिन्छ । संरचनाका भाषिक एकाइहरूलाई वर्णात्मक संरचना, रूपतात्विक संरचना, वाक्यात्मक संरचना, आर्थी संरचना, उपवाक्य संरचना, अक्षर संरचना आदि विभिन्न कोणबाट परिभाषा र विश्लेषण गर्न सकिन्छ । यी सबैका आ-आफ्नै संरचना हुन्छन् र यी सबै स्वयम्मा संरचना पनि हुन् ।' (लुइटेल, २०६२:४९) 'संरचनाको सामान्य अर्थ बनोट वा यसमा अन्तर्निहित स्थापना' (लुइटेल, २०६२:४९) भन्ने हुने भएपनि 'व्यापक अर्थमा संरचनाले वस्तु वा कृतिको समग्र ढाँचा, त्यसको आन्तरिक गठन वा बुनोट तथा यसको अङ्गाङ्गी एवं तिर्यक् सम्बन्धलाई प्रकट गर्दछ ।' (लुइटेल, २०६२:५०)

'साहित्यका सन्दर्भमा संरचनाको तात्पर्य कृतिगत सङ्गठनको समग्र सिद्धान्त मानिन्छ । साहित्यको संरचना अमूर्त हुन्छ र यसलाई अर्थपूर्ण ढङ्गले आकृति प्रदान गर्ने काम कथानक, बिम्ब, प्रतीक, आदि विभिन्न संरचक घटकहरुले गर्दछन् । यिनै विभिन्न घटकहरुको मेलबाट कृतिको संरचना निर्माण हुन्छ । कृतिभित्र विभिन्न घटकहरुको क्रमिक व्यवस्थापन हुने र त्यसै व्यवस्थापनले त्यसलाई संरचनात्मक पूर्णता प्रदान गर्ने हुँदा संरचनालाई कृतिको आन्तरिक व्यवस्था वा विन्यास समुच्चयका रुपमा पनि लिइन्छ । साहित्यिक कृति अन्तः सम्बन्धित एकाइहरूको व्यवस्था भएकाले यसका प्रत्येक एकाइहरूको तात्पर्य विश्लेषण कृतिगत सन्दर्भबाट गरिन्छ ।' (लुइटेल, २०६२:५०)

कृतिमा रहने एकाइ वा घटकका आधारमा साहित्यिक संरचनामा यान्त्रिक र तार्किक गरी दुई प्रकारका विन्यास पाइन्छन् :

'विशेष नियम वा युक्तिका आधारमा गरिने रुढ, समान तथा प्रचलित प्रयोगलाई यान्त्रिक विन्यास भनिन्छ । यसप्रकारको विन्यास कृतिको बाह्य तहमा रहने हुनाले यसलाई बाह्य वा स्थूल विन्यास मानिन्छ । नाटकका अङ्क, दृश्य, प्रसङ्ग आदि; खण्डकाव्य एवम् महाकाव्यका सर्ग, उच्छ्वास आदि; उपन्यासका भाग, परिच्छेद आदि यान्त्रिक विन्यासका घटकहरु हुन् ।' (लुइटेल, २०६२:५४) यस्तै 'छन्दोबद्ध कवितामा वितरित निश्चित गण, मात्रा, गति, यति, आदिका साथै छन्दमुक्त कविताका पङ्क्तिपुञ्ज, पङ्क्ति आदि पनि यान्त्रिक विन्यासभित्रै पर्दछन् ।' (लुइटेल, २०६२:५४) उपयुक्त कार्यकारणमा आबद्ध प्रयोगलाई तार्किक विन्यास भनिन्छ । यसप्रकारको विन्यास कृतिको अन्तर्तहमा रहने हुनाले यसलाई आन्तरिक तथा सूक्ष्म विन्यास मानिन्छ । हरेक कृतिका वस्तु र कृतिका सङ्गठन, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, आदि तार्किक विन्यासका घटकहरु हुन् । नाटक, खण्डकाव्य, महाकाव्य, उपन्यास आदिमा प्रस्तुत घटनाश्रृङ्खला, विचार आदि; मुक्तकमा स्थापित भाव वा विचार त्यसको पुष्टि खण्डनमण्डन; गीतको अन्तरमा प्रवाहित भाव वा विचार; हाइकुमा प्रस्तुत एकल विचार वा अनुभूति तथा गजलमा विभिन्न विषयवस्तुको हार्दिक र भावात्मक प्रस्तुति आदिलाई तार्किक विन्यास मानिन्छ । छन्दोवद्ध र मुक्तछन्दका कवितामा अभिव्यञ्जित मूलभाव वा विचार, वस्तुको प्रस्तावना र त्यसको पुष्टिलाई तार्किक विन्यास मानिन्छ ।' ( लुइटेल, २०६२:५४)

साहित्यमा भाषाले महत्वपूर्ण भूमिका खेल्दछ । भाषाकै माध्यमबाट कृतिको साहित्यिक संरचनाले पूर्णता प्राप्त गर्दछ । यसैले साहित्यिक संरचना र भाषिक संरचना अन्तः सम्बन्धित छन् । 'साहित्यिक कृतिको विश्लेषण गर्दा साहित्य संरचना र भाषा संरचना दुवैको विश्लेषण गरी तिनको पारस्परिक सम्बन्धलाई केलाउनुपर्छ । भाषिक संरचनाले शैलीका माध्यमबाट साहित्यिक संरचनालाई कृतिविशेषमा रुपान्तरित गर्दछ । साहित्यिक कृतिको भाषिक संरचनाअर्न्तगत ध्वनिव्यवस्था, शब्दव्यवस्था, व्याकरणव्यवस्था र अर्थव्यवस्था गरी चार तहहरु पर्दछन् ।' (लुइटेल, २०६२:६६)

यसरी 'संरचनाले वस्तु वा कृतिको समग्र रुपाकृति, ढाँचा, व्यवस्था र सङ्गठनलाई बुझाउँछ' (लुइटेल, २०६२:५३) भने संरचनावादले कुनै पनि वस्तु, कृति वा विषयको संरचनामाथि केन्द्रित भई त्यसको व्यवस्थित, वस्तुगत र वैज्ञानिक ढङ्गले विश्लेषण गर्ने पद्धतिलाई बुझाउँछ ।

## २.४ कविताको संरचना

'साहित्यिक कृतिका विभिन्न अवस्था वा घटनाहरूद्वारा निर्मित समग्र विन्यास तथा साहित्यिक कृतिको योजनाबद्ध पर्याधार वा स्थापत्य नै संरचना हो । 'कविता' शब्द र घटनाहरूद्वारा निर्मित एउटा संरचना हो । कविता संरचनाको निर्माण गर्ने विभिन्न संरचक घटकहरू हुन्छन् र विभिन्न साना संरचक घटकहरूको कुलयोगबाट कविताको सिङ्गो वा ठूलो संरचना निर्माण हुन्छ । कविताको संरचनाले यी घटकहरूको कुलयोगका अतिरिक्त अरु बढी कुरालाई पनि जनाउँछ र त्यो बढी कुरा भनेको चाहिँ कविताको अस्तित्त्व स्थापित गर्ने व्यक्तित्व हो । कविताको संरचनाभित्र कविताका संरचक घटकहरूको कुलयोग र त्यसबाट निर्मित एउटा छुट्टै व्यक्तित्त्व दुवैलाई समाहित गरिन्छ ।' (लुइटेल, २०६२ : १८९)

कविता संरचनामा स्वतन्त्र व्यवस्थापन र सङ्गतिपूर्ण विन्यास हुन्छ । स्थानीय बुनोटयुक्त तार्किक संरचना मानिने कवितामा बुनोट तथा बनोट दुवै अपरिहार्य हुन्छन् र यिनैको संयोजनबाट कविताले स्वतन्त्र अस्तित्त्व प्राप्त गर्छ । कविताको बुनोटभित्र वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यास (भाषा, शैली, बिम्ब, प्रतीक, अलङ्कार छन्द, लय, अर्थ) आदि पर्दछन् भने यसको बनोट चाहिँ यी सबैको कुल योगबाट निर्मित सिङ्गो संरचना हो । 'बुनोट तहका जुनजुन संरचक वा रचनाघटकहरूको योगबाट कविताको निर्मिति हुन्छ ती सबै लघु घटकहरूको सामूहिक नाम कविताको संरचना हो । बृहत् घटक भएकाले कविताको संरचना आफ्ना लघु घटकहरूमा विभाजित हुन्छन् तर यो आफ्ना लघु घटकहरूको क्रमहीन र विशृङ्खलित थुप्रो वा कुलयोग मात्र नभई कविताको आन्तरिक र अन्तः सम्बन्धित नियम वा व्यवस्थाको समुच्चय पनि हो ।' (शर्मा, २०५५:९३)

'कविताको संरचनामा फेला पर्ने घटक वा निर्माणतत्त्व सार्विक र स्थानिक गरी दुई प्रकारका हुन्छन् । सार्विक घटकअन्तर्गत कविताको रूपायन हुने संरचक तत्त्व पर्दछन् । यस्ता घटकहरू कृतिमा सर्वत्र व्याप्त रहने सर्वदेशीय तत्त्व भएकाले यिनलाई सार्विक घटक मानिन्छ । यसका विपरीत स्थानीय घटकचाहिँ कवितामा सर्वत्र व्याप्त नभई कतैकतै अथवा स्थानविशेषमा मात्र व्याप्त हुने एकदेशीय तत्त्व हुन्छन् । यस्ता घटकहरूमा शब्द, छन्द, लय, अलङ्कार, बिम्ब प्रतीक, अर्थ, पात्र, घटना, कथानक, संवाद, वातावरण, पृष्ठभूमि आदि पर्दछन् । शब्द छन्द, लय, अलङ्कार, बिम्ब, प्रतीक, अर्थ आदि कविताका सामान्य घटक हुन् तर पात्र, घटना, कथानक, संवाद, वातावरण, पृष्ठभूमि आदि सामान्य घटक नभएर खास

खास संरचनामा पाइने विशिष्ट घटकहरू हुन् । यिनै सार्विक र स्थानिक घटकहरूको संश्लिष्ट रूपलाई कविताको संरचना भनिन्छ । समग्रमा संरचनाले कविताको अभिव्यक्ति वा रूपपक्ष र कथ्य वा सन्दर्भपक्षको एकीकरण र संश्लेषणलाई बुझाउँछ ।' (शर्मा, २०५५:९३)

## २.५ कविताको संरचनात्मक प्रकार

'कथ्यको पद्यलयात्मक अभिव्यक्तिलाई कविता भनिन्छ । साहित्यका विधाहरूमा कविता पद्यलयात्मक हुन्छ र कथा, उपन्यास, नाटक, एकाङ्की, निबन्ध आदि शेष विधाहरू गद्यलयात्मक हुन्छन् । पद्यलयात्मकताको अर्थ छन्दोबद्धता मात्र होइन छन्दमुक्त भएर उत्तिकै लयात्मक हुनु समेत हो । (शर्मा, २०५५:९१)

साहित्यको एउटा महत्वपूर्ण विधा मानिने कविता आफैमा पूर्ण, जीवन्त र स्वनिष्ठ सिङ्गो संरचना हो । 'संसारका जुनसुकै भाषामा रचित कविताको यान्त्रिक र तार्किक विन्यासका कतिपय सामान्य पक्षमा केही भिन्नता पाइए तापनि कविताको समग्र संरचनामा पूरै समानता रहन्छ ।' (लुइटेल, २०६२:२००)

कविताको संरचना, कविताको संरचनात्मक प्रकार वा कविताका प्रकारलाई हालसम्म तीन भागमा वर्गीकरण गरेर हेरिएको पाइन्छ :

१. प्रगीतात्मक कविता

२. आख्यानात्मक कविता

३. नाटकीय कविता

माथि वर्गीकरण गरिएका प्रकारहरूबाहेक निबन्धात्मक प्रकारलाई कविताका संरचनागत विशेषताका आधारमा थप गर्न सकिने भएकाले यस शोधपत्रमा कविताको संरचनागत प्रकारलाई चार प्रकारमा वर्गीकरण गरिएको छ :

१. प्रगीतात्मक संरचना

२. आख्यानात्मक संरचना

३. नाटकीय संरचना

४. निबन्धात्मक संरचना

### २.५.१. कविताको प्रगीतात्मक संरचना

सम्पूर्ण कविता एउटै केन्द्रीय कथ्य वा भावको वरिपरि घुमेको कविताको संरचनालाई प्रगीतात्मक कविता भनिन्छ । कवितामा अन्य सहायक वा गौण भावहरू रहे पनि मूलभाव भने एउटै हुन्छ र ती सहायक वा गौण भावहरूले मूलभावकै वरिपरि घुमेर त्यसको प्रकटीकरणमा सहयोग गर्छन् ।

प्रगीतात्मक कवितामा कविको वैयक्तिक सुखदुःखका अनुभूतिले बढी स्थान पाएको हुन्छ । 'यस्तो संरचना भएको कवितामा कथात्मकताको अभाव रहन्छ तर पात्रको उपस्थिति भने हुन सक्छ । यो प्रायः एकालापीय ढाँचामा लेखिन्छ ।' (शर्मा, २०५५:११०) प्रगीतात्मक कविताको आकार छोटो हुन्छ । यस प्रकारको कवितामा विषयवस्तुको व्यापकता रहन्छ । 'सामान्यतः यस्ता कविता १२-३० पङ्क्तिका बीचमा र ५०-६० भन्दा कम पङ्क्तिमा रचना गरिन्छ भन्ने मत पाइए पनि वर्तमानकालीन अधिकांश कविता माथि उल्लेखित पङ्क्तिभन्दा लामा आयामका पनि भएकाले प्रगीतात्मक कवितालाई निश्चित पङ्क्ति सङ्ख्यामा सीमित गर्न उपयुक्त हुँदैन किनकि आयाम छोटो हुँदैमा त्यो प्रगीतात्मक कविता र आयाम लामो हुँदैमा त्यो नाटकीय वा आख्यानात्मक कविता हुने होइन ।' (लुइटेल, २०६२:२०४) यो त विशिष्ट अभिलक्षणका आधारमा अन्यबाट विभेद हुन्छ ।

'प्रगीतात्मक कविताको विकास वृत्तात्मक अथवा चक्रात्मक ढाँचामा गरिएको हुन्छ । यस ढाँचामा कविताको विस्तार गर्दा कविताको कुनै भाषिक एकाइ (शब्द, पदसमूह, उपवाक्य, वाक्य) को पटक/पटक आवृत्ति गरिन्छ जसले केन्द्रीय भावको सम्झना गराइरहन्छ र अन्त्यमा पनि कविता त्यही केन्द्रीय भाव वा विचारमा विराम लिन आइपुग्छ ।' (शर्मा, २०५५:१०५)

'सार्विक र स्थानिक घटकहरूको बनोटयुक्त, प्रगीतात्मक कवितामा आत्माभिव्यक्तिगत स्वच्छन्दता, संवेगात्मक एकता, वैयक्तिकता, काल्पनिकता, वर्णनात्मकता, भावनात्मकता, अनुभूतिमयता, लयात्मक तीव्रता, विषयगत विविधता, बर्तुलता, प्रायः संक्षिप्तताजस्ता विशिष्ट अभिलक्षणहरू पाइन्छन् ।' (लुइटेल, २०६२:२०६) प्रगीतात्मक कविताअन्तर्गत चतुर्दशपदी, सम्बोधनगीत, गाथा, अतुकान्त, शोकगीत, भजन, गीत, फुटकर कविता (छन्दोबद्ध र छन्दमुक्त), गजल, मुक्तक, हाइकु आदिलाई समाविष्ट गरिन्छ ।

## २.५.२. **कविताको आख्यानात्मक संरचना**

कथाकथन पनि रहेको कविताको बनोटलाई आख्यानात्मक कविता भनिन्छ अथवा 'कथा भनिएको कविता अर्थात् सरल वा जटिल, लामो वा छोटो आख्यान भएको कवितालाई आख्यानात्मक कविता भनिन्छ ।' (लुइटेल, २०६२:२१०) 'यसमा कथाकथन क्षीण अथवा प्रबल पाराको हुन सक्छ तर कथानकको विकासचाहिँ आदि, मध्य र अन्त्य भागहरुमा भई त्यसले आख्यानमा झैँ आङ्गिकता र पूर्णता पाएको हुँन्छ । समयश्रृङ्खलामा बाँधिएको कथावस्तुलाई कार्यकारण श्रृङ्खलामा बाँधी कथानकको रुप दिँदा त्यसमा आङ्गिक विचलन पनि हुन सक्छ । आङ्गिक विचलन भएको छैन भने त्यो क्रमिक कथानक हुन्छ र आङ्गिक विचलन भएको छ भने त्यो व्यतिक्रमिक कथानक हुन्छ ।' (शर्मा, २०५५:९७) यस्तो प्रकारको संरचनामा चरित्रको उपस्थिति अनिवार्य रहन्छ त्यसैले चरित्रचित्रण पनि गरिएको हुन्छ । 'विविध विषयवस्तुको प्रयोग गर्न सकिने यस खाले कवितामा वर्णनात्मक, विवरणात्मक र व्याख्यात्मक ढङ्गले विषयवस्तुलाई जीवन्त रूपमा प्रस्तुत गरिन्छ । विषयवस्तुगत विविधता, विस्तारित वर्णन, व्यापक समाख्यान र बहुविध घटनाहरूको प्रस्तुतिका कारण यसप्रकारका कविताको आकार लामो र ठूलो हुन्छ ।' (लुइटेल, २०६२:२१३)

प्रगीतात्मक र आख्यानात्मक संरचना भएका कवितामा पाइने मुख्य अन्तर भनेको कथासूत्र, सहभागी र परिवेशको प्रस्तुतिको रहन्छ । प्रगीतात्मक कवितामा कथासूत्र, सहभागी र परिवेशको व्यापक वर्णन गरिन्छ, ती केवल सङ्केतित हुनसक्छन् भने आख्यानात्मक कवितामा कथासूत्र मात्र नभई कथानकको क्रमिक वा व्यतिक्रमिक प्रस्तुति, सहभागी तथा परिवेशको व्यापक चित्रण गरी कथानकको बिस्तारपूर्वक वर्णन गरिएको हुन्छ । द्वन्द्व भने नरम पाराले कवितामा आएको हुनसक्छ । पाश्चात्यजगत्का महाकाव्य, रोमान्स, लामागाथा, आख्यानयुक्त लामा कविता तथा पूर्वीयजगत्का महाकाव्य खण्डकाव्य र आख्यानयुक्त लामा कवितालाई आख्यानात्मक कविता मानिन्छ ।

'नेपालीका कतिपय खण्डकाव्य भनिएका रचना पनि उपर्युक्त आख्यानात्मक विशेषताका अभावका कारण यस कित्तामा नपरी प्रगीतात्मक कित्तामै पर्न गएको र कतिपय लामा खालका फुटकर कविताहरु पनि उपर्युक्त आख्यानात्मक विशेषताका कारण यस कित्तामा पर्न गएको देखिन्छ । लामो आकारप्रकारको संरचनामा आबद्ध आख्यानात्मक कवितामा विषयवस्तु, सहभागी र परिवेशगत विविधता, कथात्मकता वा समाख्यानात्मकता,

वर्णनात्मकता, प्रतिनिधिमूलकता, आङ्गिक पूर्णता घटनावलीगत अधिकता आदि निजी पहिचान वा विशिष्टताहरू पाइन्छन् ।' (लुइटेल, २०६२:२१३)

### २.५.३. कविताको नाटकीय संरचना

द्वन्द्वात्मकता, संवादात्मकता र दृश्यात्मकतायुक्त विशिष्ट लयात्मक संरचनालाई नाटकीय कविता भनिन्छ । संवादात्मकता (एकालापीय वा वार्तालापीय), दृश्यात्मकता, द्वन्द्वात्मकता, कार्यव्यापारात्मकता, आकस्मिकता, परिवेशगत व्यापकता र विस्तृतता आदिलाई नाटकीय कविताको मुख्य विशेषता मानिन्छ । यस्ता कवितामा कार्य व्यापारमा संलग्न पात्रको बोली वा दृष्टिविन्दुबाट कार्यव्यापार वा घटना प्रस्तुत गरिन्छ । नाटकीय कवितामा मसिनो र दुर्बल प्रकारको कथानक रहन्छ र कथानकको विकासमा आकस्मिक आरोह र अवरोह हुन्छ जसले घटनावलीमा आकस्मिक मोड ल्याउँछन् र कवितामा नाटकीयताको प्रभाव उत्पन्न हुन्छ । 'नाटकीय संरचना र यस्तो संरचना भएका कविताको खास पहिचान पनि आकस्मिक मोडहरुको बढी बुनोट हो ।' (शर्मा २०५५:१०५) यस्ता कवितामा द्वन्द्व दुई परस्पर विरोधी पात्र (अनुकूल र प्रतिकूल) का बीचमा वा दुई विपरीत विचार (अनुकूल र प्रतिकूल) का बीचमा पनि हुनसक्छ ।

यस प्रकारका कविता आकारका दृष्टिले न साह्रै लामा न साह्रै छोटा तर मझौला आकारका हुन्छन् । यस्ता कवितामा कविद्वारा आफ्ना अनुभूतिहरूको प्रस्तुति नभई अन्य व्यक्तिका भावनाहरूको अभिव्यक्ति गरिएको हुन्छ । 'यस खालका नाटकीय कविता अङ्क, दृश्य, प्रसङ्ग, पङ्क्तिपुञ्ज, पङ्क्ति आदिमा विभाजन गरिएको हुन्छ र यस्तो विभाजन चिह्नीकृत वा अचिह्नीकृत दुवै हुनसक्छ । यस खालका कवितामा मञ्चनिर्देशको सङ्केत हुन पनि सक्छ र नहुन पनि सक्छ । यस्ता कृतिमा द्वन्द्व, तनाउ र आश्चर्य मिश्रित घटनाहरू हुन्छन् र तिनलाई लेखकले पात्र वा सहभागीमा रूपायित गरी प्रस्तुत गर्छ ।' (लुइटेल, २०६२:२१४)

### २.५.४. कविताको निबन्धात्मक संरचना

निबन्धात्मक कविता भन्नाले एउटै केन्द्रीय भावको वरिपरि घुमिरहेको भए पनि विविध सहायक प्रसङ्गहरू जोड्दै सूक्ष्म अन्तराख्यानका माध्यमले दृश्य वा अदृश्य पात्र खडा गरी एकालापीय ढङ्गमा गद्य पा पद्यमा लेखिएको कविता भन्ने बुझिन्छ । निबन्धात्मक कवितामा न त आख्यानात्मक कवितामा जस्तो पूर्ण आख्यान आएको हुन्छ न त प्रगीतात्मक

कविता जस्तो आख्यानरहित हुन्छ यसमा सूक्ष्म अन्तराख्यान कविताभित्र आएको हुन्छ जसले कविको जीवनको तात्कालिक प्रतिक्रिया वा विचारहरू अभिव्यक्त गरिरहेको हुन्छ । 'निबन्धात्मक कवितामा अन्तर्लयात्मक भाव प्रवाहको योजनाले वैचारिक प्रतिपादनको चुरो बोकेको हुन्छ ।' (त्रिपाठी, २०३०:५८६)

निबन्धात्मक कविताले काव्यात्मक भाषामा लेखकको स्वानुभूति व्यक्त गरेको हुन्छ । यस खाले कवितामा विषयको व्यापकता र विस्तृति रहन्छ । प्रेम, मृत्यु, प्रकृति, धर्म, घरायसी, सामाजिक, राजनैतिक आदि सन्दर्भहरू, सुख दुःखका अनुभव आदिलाई विषयवस्तु बनाएर यस खाले कविता लेखिन्छ ।

निबन्धात्मक कविताका आकार निश्चित नहुने भए पनि सामान्यतः ५०-६० पङ्क्तिभन्दा माथिका हुन्छन् । यस खाले कविता पङ्क्तिपुञ्ज वा श्लोकमा संरचित हुन्छन् । कविको भावना वा विचारको प्रकटीकरण यिनले गर्दछन् । यस प्रकारको कवितामा कविले कुनै एउटा विषयका बारेमा आफ्ना वैयक्तिक अनुभव वा विचार राख्दछ । यस क्रममा वर्णनीयवस्तु, विचारको प्रवाह तथा सूक्ष्म गतिविधि र अन्तराख्यान वा आख्यानचूर्णहरूलाई व्यवस्थित र क्रमबद्ध प्रकरणहरूद्वारा अघि बढाइन्छ । कवि शिरोमणि लेखनाथ पौड्यालको **ऋतु विचार** (खण्डकाव्य) **गौथली बोल्यो चिरबिर च्यार्र** र बालकृष्ण समको **आगो र पानी** ( खण्डकाव्य) **स्वर्ग र देवता, मृत्युपछिको अभिव्यञ्जन** जस्ता फुटकर कविताहरू यसै गरी महाकवि देवकोटाको **ज्वरशमना प्रकृति** आदिलाई निबन्धात्मक कविताका उदाहरण मान्न सकिन्छ ।

निबन्धात्मक कविताको शैली काव्यात्मक हुन्छ । प्रथम र द्वितीय पुरुष शैलीमा यस्तो कविता लेखिन्छ । वैयक्तितता, वैचारिकता, श्रुतिरम्यता, सशक्त कथनपद्धति आदि निबन्धात्मक कविताका अभिलक्षणहरू मानिन्छन् ।

# परिच्छेद – तीन

# 'ज्वरशमना प्रकृति' कविताको संरचनात्मक अध्ययन

## ३.१. विषयप्रवेश

यस शोधपत्रमा कविताको संरचनात्मक विश्लेषण गर्ने क्रममा महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'ज्वरशमना प्रकृति' कविताको चयन गरिएको छ । यो चयन स्वेच्छिक चयन हो । कविताविश्लेषणका प्रारूपका आधारमा यस कविताको विश्लेषण गरिएको छ ।

'ज्वरशमना प्रकृति' कविताका रचयिता नेपाली साहित्य जगत्का महाकवि लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) हुन् । आधुनिक नेपाली कवितामा स्वच्छन्तावादको अभ्युदय गर्ने देवकोटाले आफ्ना कवितामा प्रगतिवादी भावलाई अन्तर्भूत गर्दै कवितालेखनको उत्तरार्धमा परिष्कारतर्फ उन्मुख भएका हुन् र यही उत्तरार्धकालमा यो 'ज्वरशमना प्रकृति' कविता रचिएको हो । देवकोटाको कविता यात्राको पाँचौं चरण (२०१०-२०१६) अन्तर्गत २०१३ सालमा 'इन्द्रेनी' पत्रिकामा प्रकाशित यस कविता यस सालमा प्रकाशित कविताहरूमध्ये कवित्त्वगत गुणस्तरका दृष्टिले उच्चतम स्तरका कवितामध्येको एक हो ।

'देवकोटाका नेपाली भाषामा हालसम्म ६ वटा महाकाव्य, २१ वटा खण्डकाव्य र ६४४ वटा फुटकर कविताहरू' (जोशी, २०४७:१८१) नेपाली साहित्यले पाएको छ । उनका प्रकाशित पुस्तकाकार कृतिहरू निम्नलिखित छन् :

| | |
|---|---|
| १. मुनामदन (खण्डकाव्य) | वि.सं. १९९२ |
| २. सावित्री सत्यवान् (नाटक) | वि.सं. १९९७ |
| ३. राजकुमार प्रभाकर (खण्डकाव्य) | वि.सं. १९९७ |
| ४. प्रसिद्ध प्रबन्धसङ्ग्रह (अनूदित निबन्धहरू) | वि.सं. १९९८ |
| ५. लक्ष्मी निबन्धसङ्ग्रह (निबन्धहरू) | वि.सं. २००२ |
| ६. नेपाली शाकुन्तल (महाकाव्य) | वि.सं. २००२ |
| ७. कुञ्जिनी (खण्डकाव्य) | वि.सं. २००२ |
| ८. सुलोचना (महाकाव्य) | वि.सं. २००३ |

९. पहाडी पुकार (वर्णनात्मक कविता	वि.सं. २००५

१०. बसन्ती (खण्डकाव्य)	वि.सं. २००६

११. पुतली (बालकविता)	वि.सं. २००९

१२. सुनको बिहान (बालकविता)	वि.सं. २०१०

१३. भिखारी (कविताहरूको सङ्कलन)	वि.सं. २०१०

१४. म्हेन्दु (खण्डकाव्य)	वि.सं. २०१५

१५. रावणजटायु युद्ध (खण्डकाव्य)	वि.सं. २०१६

१६. छहरा (कविता सङ्कलन)	वि.सं. २०१६

१७. मृत्युशाथ्याबाट (कवितासङ्ग्रह)	वि.सं. २०१६

१८. चिल्ला पातहरू (कवितासङ्कलन)	वि.सं. २०१९

१९. कृषिबाला (गीतिनाट्य)	वि.सं. २०२४

२०. लूनी (खण्डकाव्य)	वि.सं. २०२४

२१. सीताहरण (खण्डकाव्य)	वि.सं. २०२४

२२. मायाविनी सर्सी ( खण्डकाव्य)	वि.सं. २०२४

२३. महाराणा प्रताप (महाकाव्य)	वि.सं. २०२४

२४. मनोरञ्जन (कविताहरू)	वि.सं. २०२४

२५. भावना गाङ्गेय (कवितासङ्कलन)	वि.सं. २०२४

२६. चम्पा (उपन्यास)	वि.सं. २०२४

२७. दुष्यन्त शकुन्तला भेट (खण्डकाव्य)	वि.सं. २०२४

२८. गाइने गीत (गीतसङ्कलन)	वि.सं. २०२४

२९. वनकुसुम (खण्डकाव्य)	वि.सं. २०२५

३०. नवरस (खण्डकाव्य)	वि.सं. २०२५

३१. आकाश बोल्छ (कविता सङ्कलन)	वि.सं. २०२५

३२. कटक (गीतिकाव्य) वि.सं. २०२६

३३. छाँगासँग कुरा (कवितासङ्कलन) वि.सं. २०२६

३४. म्याकबेथ (अनूदित नाटक) वि.सं. २०२६

३५. प्रमिथस (महाकाव्य) वि.सं. २०२९

३६. लक्ष्मी कथासङ्ग्रह (कथाहरूको सङ्ग्रह) वि.सं. २०३२

३७. लक्ष्मी कवितासङ्ग्रह (कविताहरूको सङ्कलन) वि.सं. २०३३

३८. लक्ष्मी गीतिसङ्ग्रह (गीतहरूको सङ्कलन) वि.सं. २०३४

३९. मैना (काव्यसङ्कलन) वि.सं. २०३९

४०. दाडिमको रुखनेर ( निबन्धसङ्कलन) वि.सं. २०३९

४१. स्रष्टा देवकोटा द्रष्टा परिवेशमा (लेखसङ्कलन) वि.सं. २०४१

४२. पृथ्वीराज चौहान (महाकाव्य) वि.सं. २०४९

४३. जन्मोत्सव मुटुको थोपा (कवितासङ्ग्रह) वि.सं. २०५५

'कवि देवकोटाको पाँचौं मोड (२०१०-२०१६) को दोस्रो उपमोड (२०१३-२०१५) मध्येको पनि २०१३ साल (इन्द्रेनीकाल) यिनको उत्तरार्ध कवितायात्राको कवितात्मक गुणस्तर र परिमाणात्मकताका दृष्टिले उपलब्धिपूर्ण समयावधिका रूपमा रहेको छ ।' (जोशी, २०४७: १६३) '२०१३ सालका कविता-कृतिका रूपमा देवकोटाका प्रकाशित तथा अप्रकाशित गरी जम्मा १४७ वटा फुटकर र रचनाहरू भेटिएका छन् ।' (जोशी, २०४७: ११५) 'यीमध्ये स्तर र प्रवृति दुवै दृष्टिले 'हुरीको गीत', 'अतिथिहरू', 'शाहजहाँको इच्छा' र 'ज्वरशमना प्रकृति' यस सालका देवकोटाका प्रतिनिधि रचना हुन् ।" (जोशी, २०४७ : ११६)

यस सोधपत्रमा विश्लेषणका लागि चयन गरिएको निबन्धात्मक संरचना भएको लोकलयमा आधारित 'ज्वरशमना प्रकृति' कविता लक्ष्मी कवितासङ्ग्रहमा सङ्कलित छ । यस कविता ६ भाग, १४ अनुच्छेद र १११ पङ्क्तिमा संरचित छ । यसमा झ्याउरे लोकलयको प्रयोग भएको छ । यहाँ यही 'ज्वरशमना प्रकृति' कवितालाई संरचनात्मक प्रारूपका आधारमा विश्लेषण गरिएको छ ।

## ३.२. 'ज्वरशमना प्रकृति' कविताको विश्लेषण

### ३.२.१ विभाजन

'ज्वरशमना प्रकृति' कवितामा रहेका भाग, पङ्क्तिपुञ्ज, दृश्य, प्रसङ्गका आधारमा निम्नानुसार विभाजन गरिन्छ :

**भाग १,**

**पङक्तिपुञ्ज १,**

**दृश्य : ज्येष्ठको गर्मी**

**प्रसङ्ग -१ : मनुजको अवस्था**

ज्येठको आज मध्याह्न बेला सुस्ताउँछ पवन - [१]

थाकेको श्रमझैँ लिनलाई दमझैँ, [२]

छहरीमूनी बटुवासरि, स्थगित - भ्रमण [३]

दुइचार काक हानिए पूर्व, शीतलको खोजमा [४]

निर्धारमा लिई संसारको जरो, [५]

छु आफ्नो गुँडको झ्यालको चरो, [६]

म पनि मनको हपहप मर्ने कुञ्जको शोचमा ! [७]

**पङ्क्तिपुञ्ज : २**

**दृश्य : प्रकृति**

**प्रसङ्ग - २ : बादलको सुन्दरताको विस्तार**

दक्षिणी चुली नीलिए गाढा उपल्ला घेरामा ! [८]

पाँच तह, बादल चाँदीका बुट्टा [९]

उक्लेर सुस्त मौन र मस्त, [१०]

उज्यालो हीरा भुवामा हाँसे, हिमालका दौरामा ! [११]

खँदिला चुली बाफ भई उक्ली, [१२]

चुलीमा चुली बाफ फुली, निक्ली, [१३]
जीवझैँ बढ्छन नदेख्ने गरी, अकासे गौँडामा, [१४]
सियाली छाया घामले छिरबिर दोरङ्गी डाँडामा ! [१५]

**पङ्क्तिपुञ्ज : ३**

**दृश्य : उही**

**प्रसङ्ग - ३ : वायुको शीतलताको विस्तार**

प्रकृतिदेवी काम गर्छिन् कहीँ नजरका घेरामा [१६]
बादल फूल लगाउन झूल पृथ्वीका डेरामा [१७]
कलिला करले मुसार्छिन् मलाई हावाले निधारमा, [१८]
जुन वायु नीला वनबाट धाउँछ झोपडी किनारमा, [१९]
कलिलो पर्श ! कलिली सँगी ! एकान्त गुल्जार छ ! [२०]
संसारको जरो रन्केको अब शीतल निधार छ ! [२१]

**भाग, २**

**पङ्क्तिपुञ्ज-१,**

**दृश्य : उही**

**प्रसङ्ग : पानीको  शीतलताको वर्णन**

दक्षिणी थुम्को सङ्गीतले ढाकिन्, पानीको कुइरोले, [२२]
एक पाखो पहाड शीतलमा डुब्छ; [२३]
त्यसको चाख अरुमा खूब छ, [२४]
शुभ त्यो सङ्गीत जलबिन्दु मधुर, शीतल बैरोले [२५]
सिन्धुको मीठो सम्झना सुन्छन्, बन र पहाड ! [२६]
आज छ चहाड, आज छ भेटघाट, जलमा मिलन, [२७]
पीयूषपान, औषधिदान, सङ्गीत-भवन ! [२८]

**पङ्क्तिपुञ्ज - २**

**दृश्य : उही**

**प्रसङ्ग : पानी र मानव जीवनको सम्बन्ध**

सुन्दरी कोही, सधैंकी बहार, अमित सुषमा, [२९]
फूलका पाउमा चल्दछिन् मानो, [३०]
रेशमी पोशाक सल्सलाई स्यानो, [३१]
सिमलका मेरो तकिया सम्याई, मुसार्न शिरमा ; [३२]
हरियो मानो कार्चोनी बिछ्याई, प्यारले ज्वरमा, [३३]
बिरुवा जस्तै मलाई पनि सन्चोले लठ पारी, [३४]
पर्शेर आँग, गीत गाउँछिन् गुन्गुन, पछ्यौरा लतारी, [३५]
होला कि चर्को रोशनी भनी, कागतले छेकारी, [३६]
आदिम गाना गीत गाउन थालिन् धाईको गुन्गुन, [३७]
पोशाक सरसर सुनेझैं लाग्यो ज्वर यो शमन । [३८]
कलिलो हातले सम्याउँछिन् जीवन, पीडितमा जरोले ! [३९]
दक्षिणी शैल सङ्गीतले ढाकिन्, पानीको कुइरोले । [४०])

**भाग - ३**

**पङ्क्तिपुञ्जः १**

**दृश्य : उही**

**प्रसङ्ग : उत्तरी हिमाल**

उत्तरमा हेरें हिमालउपर बाफिलो हिमाल छ, [४१]
शिरबिन्दुतिर तान्नेको बादल लमतन्ने कमाल छ, [४२]
चूपचाप ती छन् तन्केको लामा सूर्यलाई भेट्टाउन, [४३]
सियाल हाल्ने कर्तव्य आफ्नो जगत्मा चुकाउन, [४४]

**पङ्क्तिपुञ्ज : २**

**दृश्य : उही**

**प्रसङ्ग : बादल र बर्षा**

ए ! साथी ! हाम्लाई सम्झिने कोही छ, बिरुवा ! चरा हो ! [४५]

घामले दु:खी ए फूल राम्रा ! नबोल्ने कुरा हो ! [४६]

हप्केका घाँस ! दु:ख र सुख सम्झने ए प्राणी ! [४७]

कसैको हेर ! करुणा छायो ! [४८]

पग्लन्छ, झर्छ, अमृत भई वर्षाले अश्मानी, [४९]

दक्षिणी चुली-किनारा पर कोही दिल छ दयालु ! [५०]

उसकै सारा भावना छाए आकाशमा मयालु ! [५१]

**पङ्क्तिपुञ्ज : ३**

**दृश्य : उही**

**प्रसङ्ग : वर्षा**

पृथिवी तिमलाई गर्मी छ, पख, स्वर्ग नै रुनेछ, [५२]

ए जीव हो ! तिम्लाई ताप छ, पख, मलमले छुनेछ, [५३]

ए रोगी तिमलाई जरो छ, पख, ज्वर - शमन हुनेछ, [५४]

किनकि कोही लुकेर हेर्छ मायाले छुनेछ । [५५]

**भाग, ४**

**पङ्क्तिपुञ्ज : १**

**दृश्य : प्रकृति र मानव**

**प्रसंङ्ग : प्रकृति र ज्वरशमन**

कुवेरका जुहार एक घरभन्दा आँखाका झलझल [५६]

वर्षाको मलाई एक मुट्ठी पीठो, अमृत सलिल [५७]

धनीकी छोरीको कटाक्षभन्दा, चपला झलक्क ! [५८]

स्वर्गमा बसी बादलमहल झिल्किने मिलिक्क ! [५९]

समाजको उत्सव, मिलनभन्दा, सिन्धुको सम्झना- [६०]

बादलभरि लेखेका कोमल करुण भावना [६१]

झरीमा जस्तो कहिल्यै हुन्नन् पृथिवी धनी रे ! [६२]

महफिल हुन्न एकान्त जस्तो स्वर्गका मनि रे ! [६३]

विलास भन्नु डाँडामा बस्छ ; पीरती पातमा [६४]

सुखका घडी भएनन् त्यस्ता [६५]

बिताएँ मैले अकेला जस्ता [६६]

प्रकृतिसाथमा ! [६७]

मानिसलाई दशाएँ दुःख, देखायो लाचारी, [६८]

प्रकृतिलाई देखाँउदा मुस्किन्, माथलाई मुसारी [६९]

काँढालाई फूलले जान्दछिन् मार्न प्रकृति केवल ॥ [७०]

**भाग : ५**

**पङ्क्तिपुञ्ज : १**

**दृश्य : उही**

**प्रसङ्ग : बादलको वर्णन**

झरनै लागे झोल्लेका बादल, साँवलो आकाशमा [७१]

शून्यलाई ढाकी भरेको मन लुकेझैं समाजमा ! [७२]

आकाशको कवि कल्पेर फैल्यो अबलाई गीत गाउँछ, [७३]

वनले सुन्छन्, तृणले सुन्छन्, मन यो रसाउँछ, [७४]

विशालबाट विशाल भाव विशालमा झुकेर, [७५]

विशालतिर लैजान हामलाई आफूलाई वर्षाउँछ, [७६]

आफै छ जल, आफै छ खोलो, आफै छ सागर, [७७]

कसैको विशाल आत्माको छाल मलाई हुत्याउँछ [७८]

बालककालमा इन्द्रेनी लिई बस्दथ्यो आकाशमा, [७९]

त्यसैले मलाई आँखामा पसी, [८०]

कानमा पसी, मुटुमा बसी, गीत गाउन सिकाउँछ, [८१]

गीतमा बसी संसारको ताप सकल गिज्याउँछ, [८२]

पहाड, खाल्टा, मनका वन मुरली बजाउँछ ! [८३]

चिनेर उसको सुसेली बसेँ झ्यालको बतासमा ! [८४]

**भाग : ६,**

**पङ्क्तिपुञ्ज : १**

**दृश्य : उही**

**प्रसङ्ग : प्रकृति-मानव सम्बन्ध**

मानिसको छानो आकाश जान, पहाड दिवार [८५]

मानिसभन्दा ठूलो छ मानिस, मानिसमा विचार [८६]

भँडार जसको प्रकृति सारा, हरियो खजाना, [८७]

जसको जमिन बाँधिन्न कहीँ लिएर सिमाना ! [८८]

ऋतुको भाइ, बादलको सँगी, वायुको पियार, [८९]

चराको साथी, वनको लाल, दिव्यको मुसार ! [९०]

**पङ्क्तिपुञ्ज : २**

**दृश्य : उही**

**प्रसंङ्ग : सांसारिक क्षुद्रताले रुग्ण मान्छे**

चून र इँट संसार होइन, गणित हिसाब [९१]

दिवस अन्धा, हृदय गन्धा [९२]

निधारमा हाम्रो संसारी जरो, कुत्सित स्वभाव ! [९३]

ए साथी ! सत्ते ! कोही काम गर्छ जिउँदो र मयालु  [९४]

प्रकृतिदेवी इङ्गितबाट बञ्चित छन् नशालु [९५]

धनी छ आकाश, धनी छ धरा, धनी छ पहाड ! [९६]

हामीले भुल्यौँ हिस्सा है लिन उलँदा चहाड ! [९७]

प्रकृतिदेशमा प्रवेश कम भो, कम भो बहाड ! [९८]

**पङ्क्तिपुञ्ज : ३,**

**दृश्य : उही**

**प्रसङ्ग : प्रकृतितर्फ फर्कन आह्वान**

रोगायो मानिस गिरिवनबाट पुगेर सुदूर [९९]

आँखा र कान मुटुले हेर ! [१००]

संसार छिनछिन अद्‌भुत छ धेर ! [१०१]

त्यै सबमा धनी, ली मानव जुनी, जो बस्छ सुनेर ! [१०२]
बनाउँछिन् राज एक स्पर्शद्वारा प्रकृति मानिसलाई ! [१०३]

अद्‌भुतको संसार मुटुले खोल, [१०४]

गरीब छु भनी नरोऊ मानिस ! निन्देर आफूलाई ! [१०५]

**पङ्क्तिपुञ्ज : ४**

**दृश्य : उही**

**प्रसङ्ग : प्रकृतिद्वारा ज्वरशमन**

सहस्रकोटी जगत्‌का मोती गीत गाए झरर ! [१०६]

विफलताका हज्जार ज्वाला मारेर सरर ! [१०७]

बादल भुवाले मलम लाए, छातीमा चरर ! [१०८]
निधारको जरो शीतल भो, आत्मा आँखामा बरर ! [१०९]

गरीब मानिस सम्झेर रुन्छु हर्षले दु:खी भै, [११०]

यो धन बाँड्न मन लाग्छ मलाई समाजमा हरर ! [१११]

३.२.२ **सङ्गठन** :

माथि 'विभाजन' मा चर्चा गरिएअनुसार यस कविता जम्मा ६ भाग, १४ पङ्क्तिपुञ्ज र १११ पङ्क्तिहरु गरी २० खण्डचरण र ९१ पूर्णचरणमा विभाजित रहेको देखिन्छ । यस कविताको सङ्गठन व्यवस्था यस प्रकार रहेको छ :

**३.२.२. १. आदि भाग : १ -३, [१-५५]**

(क) **अभिमुखीकरण** : १ - **[१-२१]**

कविताको यस खण्डमा जेठ महिना मध्यान्हको बेला प्रचण्ड गर्मीका कारण थकित बटुवाजस्ता देखिने पवनद्वारा भ्रमण स्थगित गरी छहारीको खोजमा लागेको, काग (पन्छी) हरू पनि शीतलको खोजमा लागेको; आकाशको दक्षिण दिशा बादलिरहेको, बादल पानीको डल्लो बनेर डाँडामाथि मडारिरहेको; प्रकृतिले आकाशमा बादल फैलाउँदा चिसो बतास चलेर मानिसलाई स्पर्श गरी शीतलता दिएको, ज्वरपीडित मानवलाई प्रकृतिले साथी बनेर शीतल हावाले मुसारेको प्रसङ्गतर्फ पाठकको ध्यानाकर्षित गर्नु ।

१. ज्येठको आज मध्याह्न बेला सुस्ताउँछ पवन - [१]

थाकेको श्रमझैं लिनलाई दमझैं, [२]

छहरीमुनि बटुवासरि, स्थगित - भ्रमण [३]

२. कलिलो पर्श ! कलिली सँगी ! एकान्त गुल्जार छ ! [२०]

संसारको जरो रन्केको अब शीतल निधार छ ! [२१]

(ख) **प्रस्तावना** : २ - ३, **[२२-५५]**

कविताको यस खण्डमा पृथ्वीको दक्षिणी भगतर्फ वर्षा हुनाले ज्वरपीडित मानव, प्राणी, वनस्पति सबै आनन्दित बनेको, वन र पहाड सुन्दर देखिएको, वर्षा सबै पीडितका लागि औषधि र अमृतजस्तो बनेको ; प्रकृति सुन्दरी, प्रेमिका, रेशमी पोशाकजस्तो बनेर मानिसलाई प्रेम गरेकी, शीतलता दिएकी, माताले जस्तो मानिसलाई सुसारेकी, भाइजस्तो बनेर पीडित मानवको सेवा गरेकी, प्रकृतिले वर्षा गराएकी ; आकाशको उत्तरी दिशामा

बादल लागेको, बादलले सूर्यको प्रचण्ड ताप पृथ्वीमा आउनबाट रोक्न लागिपरेको; सूर्यको प्रचण्ड तापले आक्रान्त बिरुवा, घाँस, फूल, प्राणीप्रति प्रकृतिको दयाभाव रहेको; आकाशको दक्षिणी दिशाबाट आएको बादल पनि वर्षाको रुपमा पृथ्वीमा झर्न आतुर रहेको; प्रकृतिले पृथ्वीका प्रणीमा सूर्यको तापका कारण प्राणी, वनस्पति, मानव सबैमा उत्पन्न जैविक ज्वर शमन गर्न वर्षा गराउने प्रयास गरिरहेको कुराको वर्णन गर्नु ।

**३.२.२.२. मध्यभागः४-५, [५६-८४]**

कविताको यस भागमा कृत्रिम यान्त्रिक जीवनभन्दा प्राकृतिक जीवन आनन्दमय भएको, प्रकृतिको शरणमा जानाले मात्र पीडितहरुको ज्वर निको हुन सक्ने अभिव्यक्ति रहेको; आकाशमा बादल गर्जिएको सुन्दा मानवलाई शीतलताको अझ बढी चाहना हुन गई उसले प्रकृतिलाई गुहारेको; झरी परेको बेला प्रकृति बिछट्टै राम्री देखिने गरेकी; मानवले प्रकृतिबाट टाढा रहेर जीवन बाँचेकोमा पश्चाताप गरेको, प्रकृतिले मानवलाई आफ्नो शरणमा लिएकी र मानवका दुःख-कष्टलाई आफ्नो सम्झिएकी; बादल आकाशभरि चारैतिर फैलिएको, वर्षा भएपछि सम्पूर्ण ज्वरपीडितहरु वर्षाको शीतलतामा रमाउन आतुर रहेको प्रसङ्गहरुको वर्णन रहेको ।

यहाँ मानिस सांसारिक क्षुद्रताले अध्यात्मजगत्‌बाट टाढिँदै गएको, अति भौतिकवादी प्रवृत्ति, विलासिता र स्वार्थन्धताका कारण आन्तरिक ज्वरबाट पीडित भएको, कृत्रिम वस्तुको मात्र भोगले गर्दा यान्त्रिक बन्दै गएको, भावनाशून्य हुँदै गएको, बाह्यजगत्‌मा सूर्यको ताप र अन्तर्हृदयमा रहेको सांसारिक मोहको तापले गर्दा जीवनको आनन्दानुभूति गर्न नसकेको प्रसङ्गहरुको वर्णन रहेको । प्रकृतिबाट टाढा हुँदै गएको भौतिकवादी दुनियाँमा खोक्रिएर बाँचिरहेको र अध्यात्मिक चेतनाबाट विमुख हुँदै गएकाले दुःख-कष्ट र पीडामात्र सहन गर्नु परेको प्रसङ्गहरुको वर्णन रहेको ।

१. विलास भन्नु डाँडामा बस्छ ; पीरती पातमा [६४]
   सुखका घडी भएनन् त्यस्ता [६५]
   बिताएँ मैले अकेला जस्ता [६६]
   प्रकृतिसाथमा ! [६७]

२. विशालबाट विशाल भाव विशालमा झुकेर, [७५]
   विशालतिर लैजान हामलाई आफूलाई वर्षाउँछ, [७६]

**३.२.२.३. अन्त्य भाग : ६, [८५-१११]**

कविताको यस भागमा चून र इँटको घरलाई मात्र आफ्नो ठान्ने मान्छेले आकाशलाई छानो र बादललाई दिवारको रुपमा देख्न नसकेको, साँघुरो विचारका कारण मानिसले प्रकृतिको भण्डारलाई उपभोग नगरी धनपैसा जोहोर्नमा मात्र जीवन खर्च गरिरहेको, आफूलाई ऋतुको भाइ, बादलको सँगी, वायुको प्रेमी वा प्रमिका बनाउन नसकेको, मानव भावनाशून्य हुँदै आकाश, धर्ती, वन, पहाडको काखबाट निकै पर गई कृत्रिम र यान्त्रिक जीवन जिएको, मानव प्रकृतिबाट टाढा भएकै कारणले गर्दा ज्वरार्त रोगी बनेको र अन्त्यमा प्रकृतिकै शरणमा जान चाहेको, प्रकृतिले पनि मानव जातिलाई आफ्ना सन्तानका रुपमा स्वीकारी शरण दिएकी; मानव, वनस्पति तथा सम्पूर्ण प्रणीको  ज्वर निको गर्न आकाशबाट बर्षा भएको; यसबाट सम्पूर्ण पीडितहरुको ज्वर विस्तारै शमन हुँदै गएको, मानवको हृदय शुद्धीकरण हुँदै गएको; कविद्वारा प्रकृतिको अनुपम सौर्न्दय र शक्तिलाई पहिचान गर्दै प्रकृतिको काखमा फर्कन सम्पूर्ण मानव जातिसँग आग्रह गरिएको प्रसङ्गहरुको वर्णन रहेको ।

१. मानिसको छानो आकाश जान, पहाड दिवार [८५]

मानिसभन्दा ठूलो छ मानिस, मानिसमा विचार [८६]

२. धनी छ आकाश, धनी छ धरा, धनी छ पहाड ! [९६]

हामीले भुल्यौं हिस्सा है लिन उलँदा चहाड ! [९७]

प्रकृतिदेशमा प्रवेश कम भो, कम भो बहाड ! [९८]

३. बादल भुवाले मलम लाए, छातीमा चरर ! [१०८]

निधारको जरो शीतल भो, आत्मा आँखामा बरर ! [१०९]

यस कविताको प्रस्तावनामा उल्लिखित सूर्यको अधिक तापले पृथ्वीको बाह्य धरातलमा, वनस्पतिमा, प्राणीमा तथा मानवमा उत्पन्न जैविक र शारीरिक ज्वर तथा सांसरिक क्षुद्रताले मानवको अन्तर्हृदयमा उत्पन्न मानसिक ज्वरको कारण प्रकृतिबाट विमुख हुनु नै हो भन्ने निष्कर्ष देखाइएको छ । मानिस तेरोमेरो भन्ने भावनाले स्वार्थको खाडलमा भासिँदै गएको, वर्ग विभेदका कारण एकअर्कामा भाइचाराको सम्बन्ध बनाउन नसकेको, वन-जङ्गल, पहाड, झरना, खोलानाला, आकाश, हिमालजस्ता प्राकृतिक सौन्दर्यमा

रमाउनुको साटो पैसा र सम्पन्नताको दौडमा प्रकृतिबाट धेरै टाढा पुगिसकेको जसका कारण ऊ अहिले आफै प्रकृतिको प्रतिकूलतामा बाँच्न विवश रहेको छ । यसरी प्रकृतिबाट टाढा हुनु र अध्यात्मिक चिन्तनलाई अंगाल्न नसक्नु नै यी तीनैथरीका प्राकृतिक, शारीरिक र मानसिक ज्वरका कारणहरू हुन् भन्ने सन्दर्भको प्रस्तुतिबाट कविताको प्रस्तावनाको पुष्टीकरण र निष्कर्षण एकसाथ अभिव्यञ्जित भएको ।

### ३.२.३ वस्तु : भाव विकास र व्यवस्थापन

यस कविताको विषयवस्तुका रूपमा रहेको भावनाको विकास र व्यवस्थापनलाई निम्नअनुसार प्रस्तुत गरिन्छ :

| भावविस्तार | भाग | पङ्क्तिपुञ्ज | दृश्य | भाव |
|---|---|---|---|---|
| १. आदि | १ | १, [१-७] | ज्येष्ठको मध्यान्ह | १. ज्येष्ठ मध्यान्हको प्रचण्ड गर्मी [१]<br>२. थाकेको बटुवाजस्तो पवनद्वारा भ्रमण स्थगित गरी छहारीको खोज [२-४]<br>३. सांसारिक जरो लिई हिँडेको मानिस, अशान्त मन लिई शान्तिको खाजी [५-७] |
| | | २, [८-१५] | उही | १. दक्षिणी आकाश बादलिएको [८-१०]<br>२. बादल हिमालजस्तो सेतो हुँदै बाफिलो भएर डाँडामाथि मडारिरहेको [११-१५] |
| | | ३, [१६-२१] | उही | १. प्रकृतिले बादल पृथ्वीभरि फैलाएको [१६-१७]<br>२. हावाले मानिसको निधारमा स्पर्श गरेको, वनको वायुले घरघरमा शीतलता दिएको [१८-१९]<br>३. प्रकृतिले साथी बनेर ज्वरपीडित मानवलाई शीतलता दिएको [२०-२१] |

| | | | | |
|---|---|---|---|---|
| | २ | ४,[२२-२८] | उही | १. दक्षिणी भेगमा वर्षा भएको, त्यसले शीतलता दिएको [२२-२४]<br>२. वर्षाले वन र पहाड सुन्दर बनेको [२५-२६]<br>३. वर्षाले गर्दा मानव जीवन आनन्ददायी बनेको, वर्षा उनीहरूलाई अमृत र औषधीजस्तो बनेको [२७-२८] |
| | | ५,[२९-४०] | उही | १. प्रकृति सुन्दरी, प्रेमिका बनेर, रेशमी पोशाकजस्तो बनेर मानिसलाई सुसारेकी, शीर मुसारेकी [२९-३२]<br>२. प्रकृतिले हरियो वृक्षको शीतलता दिएकी, माताजस्तो गरी मानिसलाई सुसार गरेकी [३३-३६]<br>३. प्रकृति धाई-सुसारेजस्तो बनी रेशमी पोशाकजस्तो नरम हातले ज्वरपीडित मानिसलाई राहत दिएकी, प्रकृतिले बर्षा गराएकी [३७-४०] |
| | ३. | ६,[४१-४४] | उही | १. उत्तरमा चिसो हिमाल रहेको, आकाशमा बादल लागेको [४१-४२]<br>२. बादल सूर्यको गर्मी रोक्न आकाशमा छरिएको, मानवलाई वर्षाद्वारा शीतलता दिने आफ्नो कर्तव्यमा लागिपरेको [४३-४४] |
| | | ७,[४५-५१] | उही | १. सूर्यको अत्याधिक तापले पीडित बिरुवा, फूल, घाँस, प्राणीप्रति प्रकृतिको सहानुभूति रहेको [४५-४८]<br>२. दक्षिणतिरबाट आएको बादल वर्षाको रूपमा झरी शीतलता प्रदान गरेको [४९-५१] |
| | | ८,[५२-५५] | उही | १. प्रकृतिले पृथ्वीको बाह्य वातावरणमा |

| | | | | |
|---|---|---|---|---|
| | | | | उत्पन्न ताप; वनस्पति, प्राणी र मानवमा उत्पन्न जैविक तापलाई निर्मूल गर्न वर्षा गराउने [५२-५५] |
| | ४ | ९,[५६-७०] | उही | १. प्रकृतिसँग अथाह शीतलता भए पनि पृथ्वीमा सर्वत्र ताप व्याप्त रेहेको, कृत्रिम यान्त्रिक जीवनभन्दा प्रकृतिको सामीप्यतामा रहेको जीवन आनन्दपूर्ण [५६-५८]<br>२. आकाशमा बादल गर्जिएको, बिजुली चम्किएको, मानवले ताप सहन नसकी प्रकृतिलाई सम्झिएको [५९-६१]<br>३. पृथ्वी झरी परेको बेला सुन्दर देखिने, प्रकृतिक सुन्दरतासँग टाढा भई एक्लै बसेकोमा मानवले पश्चाताप गरेको [६२-६७]<br>४. मानवको दुःख मानवले नबुझेकाले प्रकृतिको शरण परेको [६८]<br>५. प्रकृतिले मानवलाई सुखीसाथ आफ्नो शरणमा लिएको [६९]<br>६. मानवको दुःख-कष्ट प्रकृतिले निर्मूल गरिदिएको [७०] |
| | ५ | १०,[७१-८४] | उही | १. पानीले भरिएको बादल आकाशमा फैलिएको, वर्षाको शीलताले गर्दा ज्वराक्रान्त धरती र यसमा रहेका सम्पूर्ण जीववनस्पति वर्षाको विशालतामा हराउने [७१-७६]<br>२. वर्षा भई धरतीमा खोला, सागर भरिने र वर्षा पछिको इन्द्रेणीले आकाश सुन्दर बनाउने र यसको सुन्दरताले संसारको तापरूपी ज्वर शान्त गराउने [७७-८२]<br>३. वर्षाको शीतलता र पवनको चिसो बतासले ज्वरपीडित मानिस र जीवको |

| | | | | |
|---|---|---|---|---|
| | | | | पीडा शान्त हुने [८३-८४] |
| | ६. | ११,[८५-९०] | उही | १. सांसारिक क्षुद्रता र स्वार्थन्धताले भरिएको मानिसले आकाशलाई छानो, बादललाई दिवारको रूपमा बुझ्न नसकेको [८५]<br>२. मानिसको सम्पन्नताभन्दा उसको विचार र भावना ठूलो भएको कुरा बुझ्न नसकेको [८६]<br>३. प्रकृतिको भण्डार उपयोग नगरी, प्राकृतिक हरियालीमा नरमाई सम्पत्ति जोहोर्न मात्र लागिपरेको [८७-८८]<br>४. मानव ऋतुको भाइ, बादलको सँगी, वायुको प्रेमी/प्रेमिका बन्न नखोजी; चराचुरुङ्गीसँग रमाउन नसकी भौतिकवादी दुनियाँ र सांसारिक मोहजालमा अल्झिएको [८९-९०] |
| | | १२, [९१-९८] | उही | १. मानिस चून र इँटको सांसारिक मोहमा अल्झिरहेको र यसैलाई आफ्नो सुन्दर संसार सम्झिरहेको [९१]<br>२. भावनाशून्य, अरुको दुःख नदेख्ने र हृदय स्वार्थले भरिएको मानिस मायामोहको लालची स्वभावले प्रकृतिबाट टाढिँदै गएको [९२-९३]<br>३. प्रकृतिको सामीप्यतामा नरहेको मानवले प्रकृतिको शक्तिलाई चिन्न नसकेको; आकाश, धरती, पहाडको काखमा आफूलाई नराखेको; प्रकृतिको भण्डारबाट आफ्नो हिस्सा लिन बिर्सिएको, प्रकृतिको देशमा विचरण गर्न नसकेको[९४-९८] |
| | | १३,[९९-१०५] | उही | १. मानिस प्रकृतिको काखबाट टाढा हुँदै |

| | | | | |
|---|---|---|---|---|
| | | | | गएकाले दुःखी भएको, रोगी भएको [९९]<br>२. मानवले निःस्वार्थी भई प्रकृतिको काखमा गएर प्रकृतिको भण्डारलाई उपयोग गर्न चाहेमा प्रकृतिले मानवलाई कोमल स्पर्श गरी ज्वर मुक्त गर्ने [१००-१०३]<br>३. हृदय शुद्ध पारेर, सांसारिक क्षुद्रताबाट मुक्त भई मानिस प्रकृतिको शरणमा आउने हो भने मानव वास्तविक रूपमा धनी हुन सक्ने [१०४-१०५] |
| | | १४,[१०६-१११] | उही | १. ज्येष्ठको प्रचण्ड गर्मी र यसबाट उत्पन्न ज्वर शान्त पार्न आकाशबाट वर्षा भएको, ज्वर बिस्तारै निको हुँदै गएको [१०६-१०८]<br>२. प्रकृतिको काखमा आएपछि मानिसको सांसारिक जरो पनि कम हुँदै हृदय शुद्धीकरण भएको [१०९]<br>३. प्रकृतिको अनुपम सौन्दर्य र शक्तिलाई बुझ्न सम्पूर्ण मानव जातिसँग आग्रह [११०-१११] |

### ३.२.३.१. आदि भाग : १-३, [१-५५] : भाव प्रतिपादन

कविताको यस भागमा ज्येष्ठको मध्याह्नको समयमा उत्पन्न प्रचण्ड गर्मीका कारण पृथ्वीको बाह्य धरातल, वनस्पति र प्राणी जगत्मा अधिक मात्रामा बढिरहेको तापज्वरबाट बच्न र त्यसलाई निर्मूल गर्न शीतलताको खोजीमा लागेको कुरालाई विषयवस्तु बनाएर मुख्य भावको उठान गरिएको छ । यस क्रममा मानव (बटुवा), काक (पन्छी तथा अन्य प्राणीहरु) शीतलको खोजमा वृक्षको छहारीमुनि तथा पूर्वी दिशा (बादलिएको क्षेत्र) तिर लागेका छन् ।

यस भागमा प्रकृतिका विविध रूपहरूलाई मनमोहक ढङ्गमा प्रस्तुत गरिएको छ । हिमाल, पहाड, खोला, वायु, वन, बादल यी सबैले तापक्रम कम गराउन प्राणीलाई मद्दत

गरेको प्रसङ्गको उल्लेख छ । यस क्रममा यी सबै प्राकृतिक सम्पदाहरुलाई मानवीकृत गर्दै तिनलाई विभिन्न विशेषणद्वारा अलङ्कृत गरिएको छ । वर्षा प्राणीजगत्का लागि अमृत, औषधि, सङ्गीत सबै हो भन्ने कुरा व्यक्त गर्दै प्रकृतिले प्रेमिका, माता, धाई आदि विभिन्न रूपमा मानव र प्राणीहरूको सेवा गर्ने कुरालाई कलात्मक ढङ्गमा प्रस्तुत गरिएको छ । मानव तथा प्राणीजगत्मा मात्र नभई घाँस, बिरुवा, फूल आदिमा उत्पन्न ज्वरको शमन पनि प्रकृतिले वर्षाको माध्यमबाट गर्ने कुरा उल्लेख गरिएको छ । उत्तरतिरको हिमाल र त्यसमाथिको बादलले जगत्मा रहेका सम्पूर्ण वनस्पति, प्राणी तथा मानवको ज्वर निर्मूल गराउन सक्ने हुनाले प्रकृतिको शक्तिलाई दर्शाइएको छ ।

### ३.२.३.२. मध्य भाग : ४-५, [५६-८४] : भावोत्थान

कविताको यस भागमा धनसम्पत्ति कमाउने होडमा लागेको मानवले प्रकृतिको अमूल्य निधिको महत्वलाई बुझी प्रकृतिको काखमा फर्कन चाहेको प्रसङ्ग आएको छ । संसारिक मोहजाल, वैचारिक साँघुरोपना तथा भौतिक खोक्रो जीवनचक्रबाट मुक्त भई प्रकृतिको फराकिलो संसारमा विचरण गर्न चाहेको प्रसङ्ग उल्लेख गरिएको छ । प्रकृतिको भण्डार निकै ठूलो भएको, यो जति उपयोग गरे पनि नरित्तिने कुवेरको भण्डारजस्तो भएको र पृथ्वी वर्षाका बेला अधिक सुन्दर देखिने कुराको वर्णन रहेको छ । मानिसले मानिसको दुःख बुझ्न नसके पनि प्रकृतिले मानिसको दुःखलाई आफ्नो ठान्ने कुरा उल्लेख गरिएको छ ।

मानिसको ज्वरको कारण सांसारिक अतिव्यस्तता र क्षुद्रता भएको र मानिसले प्रकृतिको अनुपम देनलाई चिन्न नसकी, स्वार्थ, धनदौलत, र मायामोहमा नै अल्झिएको र मानवता, भाइचारालाई बिर्सिएर तथा प्रकृतिलाई आफ्नो बनाउन नसक्नु पनि आत्मिक तथा मानसिक ज्वरको कारण भएको कुरा उल्लेख गरिएको छ । यसरी सूर्यको तापबाट उत्पन्न पृथ्वीको बाह्य भौतिक-प्राकृतिक वातावरणमा उत्पन्न ज्वर, यसबाट मानिस र अन्य प्राणीजगत्मा उत्पन्न शारीरिक ज्वर र सांसारिक क्षुद्रता र अतिसंलग्नताले मानवीय अन्तर्मनमा उत्पन्न मानसिक ज्वरका कारण सम्पूर्ण जीव, वनस्पति र मानवजाति आक्रान्त बनेको र यी सबै ज्वरबाट मुक्त हुन चाहेको भावलाई कविताको मध्य भागमा उल्लेख गरिएको छ ।

### ३.२.३.३. अन्त्य भाग : ६, [८५-१११] : भावोत्कर्ष

कविताको यस भागमा मानवले भौतिक विलासिता र सांसारिक मोहजालबाट मुक्त भई प्रकृतिको काखमा फर्कन गरेको निर्णयलाई प्रस्तुत गरिएको छ । मानिसले चून र इँटको कृत्रिम वस्तुलाई आफ्नो घर देखिरहेको तर आकाशलाई छानो र पहाडलाई दिवारको रुपमा देख्न नसकेकाले आफ्नै कारणले आफै दुःखी र रोगी बनेको तथा ऋतुको भाइ, बादलको सँगी र वायुका प्रेमी/प्रेमिका बन्न नखोजेकाले प्रकृतिबाट टाढिएको प्रसङ्ग आएको छ । यहाँ प्राकृतिक, शारीरिक र मानसिक सबै ज्वरका कारण मानव प्रकृतिबाट टाढा हुनु हो र प्रकृतिको विशाल भण्डारको उपभोग गरेमा सम्पूर्ण ज्वर शान्त हुने कुरा उल्लेख गर्दै प्रकृतितर्फ फर्कन आह्वान गरिएको छ । वर्षाद्वारा मानव, वनस्पति तथा सम्पूर्ण प्राणीजगत्मा उत्पन्न शारीरिक ज्वर शान्त गरिएको छ । मानवलाई सांसारिक अतिसंलग्नताबाट मुक्त भई प्रकृतिको काखमा आउन तथा भौतिक दुनियाँमा मात्र नअल्झिई अध्यात्मिक चिन्तन गर्नका लागि तथा व्यक्तिवादी, स्वार्थी प्रवृत्तिभन्दा माथि उठेर लोकोपकारी हुनका निम्ति आह्वान गरिएको छ ।

यस कवितामा भावको आदि, मध्य र अन्त्यको सङ्गठनात्मक स्वरूपमा सङ्गति पाइन्छ । एउटै मूलभावको वर्तुलित विस्तार रहेकाले भावको विकास र विस्तारमा क्रमिकता भेटिन्छ । यसरी भावको क्रमबद्ध विकास र विस्तारले गर्दा यस कवितात्मक सङ्कथनले संरचनात्मक पूर्णता प्राप्त गरेको छ ।

यस कवितामा आदि, मध्य र अन्त्य तीन भागमा वर्णन गरिएका मूलभाव, प्रसङ्ग तथा अभिधेय अभिप्रायलाई अझ स्पष्ट रूपमा तल प्रस्तुत गरिन्छ :

'ज्वरशमना प्रकृति' शीर्षकको कवितामा समाख्याता 'म' द्वारा प्रकृतिको सुन्दर चित्रण गर्दै प्रकृतिलाई मानवीकृत रूपमा वर्णन गरिएको छ । सम्पूर्ण कवितामा प्रकृतिको मनमोहक चित्रण र प्रकृति-मानव सम्बन्धका बारेमा व्याख्या गरिएको छ । कवितामा काठमाडौँली परिवेश र वातावरणलाई परिवेशको रूपमा देखाइएको भए पनि यसले सम्पूर्ण विश्वप्रकृतिको प्रतिनिधित्व रहेको छ । यस कवितामा मानवजाति प्रकृतिको सुन्दरताबाट टाढिँदै गएको कारण उसले दुःख पाएको कुरालाई मुख्य रूपमा उठान गरिएको छ । यस कवितामा सूर्यको तापले पृथ्वीको बाह्य जगत्मा परेको असर, त्यसले जीवजन्तु तथा वनस्पतिमा गरेको असर तथा मानव जातिमा शारीरिक रूपमा परेको तापको

असरका साथसाथै सासारिक क्षुद्रताका कारण मानव जातिमा उत्पन्न आत्मिक तापले ज्वरको रूप लिएको र यसले उनीहरूमा नकारात्मक असर परेको कुरा काव्यात्मक भाषामा प्रस्तुत गरिएको छ । यस कवितामा सूर्यको तापबाट ज्वराक्रान्त बनेको पृथ्वी, जीव र मानवको बाह्य र आन्तरिक ज्वरको समाधान प्रकृतिले मात्र गर्न सक्ने कुरालाई विषयवस्तु बनाइएको छ ।

मानव तथा अन्य प्राणीलाई निश्चित तापको आवश्यकता पर्छ नै तर यो तापको मात्रा बढी भयो भने यसको नकारात्मक असरले मानव र सबै जीव रोगी बन्दछ र यो रोगको निर्मूलीकरणका लागि उपचारको आवश्यकता पर्छ । यस कवितामा कविले प्रकृतिलाई नै उपचारिकाका रूपमा उभ्याएका छन् । प्रकृतिको मानवीकरण गरी प्रकृतिलाई रोगी वा ज्वारर्त मानवको धाई वा नर्सका रूपमा उभ्याएका छन् ।

यस कवितामा भावका तीन अर्थ देखा पर्दछन् । 'यहाँ प्रस्तुत ताप तीन स्तरमा व्यक्त भएको छ - पहिलो ज्वर भौतिक प्राकृतिक वातावरणमा, दोस्रो ज्वर मानवीय शारीरिकतामा र तेस्रो ज्वर मानवीय आत्मिक आन्तरिक चेतनामा ।' (त्रिपाठी र अन्य, २०४६: २२४) ग्रीष्म ऋतुको ज्येष्ठ महिनाको मध्यान्हको प्रचण्ड गर्मीले पृथ्वीको बाह्य भौतिक धरातल तातेको छ र यसले सम्पूर्ण वनस्पति र जीवजन्तु तथा मानवजगत्मा तापको प्रसारण गरेको छ साथै मानवीय जीवनमा सांसारिक क्षुद्रताले अन्तर्मनमा उत्पन्न गरेको आत्मिक र मानसिक ज्वरालाई पनि यस कवितामा व्यञ्जनात्मक रूपबाट प्रस्तुत गरिएको छ । यी विभिन्न ताप र ज्वरहरूको शमन प्रकृतिको वर्षाद्वारा भएको कुरालाई सूक्ष्म अन्तर्कथाको माध्यमबाट व्यक्त गरिएको छ । यस कवितामा फ्रान्सेली दार्शनिक रुसोको "प्रकृतितर्फ फर्क" भन्ने स्वच्छन्दतावादी चेतनालाई प्रकट गरिएको छ ।

### ३.२.४ सहभागी र सहभागिता

'ज्वरशमना प्रकृति' कवितामा मानवीय र मानवेत्तर पात्रको प्रयोग गरिएको छ । यस कवितामा समाख्याता 'म' पात्र तथा पृथ्वीजगत्का मानिसहरूलाई पात्रको रूपमा ल्याइएको छ भने प्रकृतिका भौतिक धरातलका घाँस, जीवजन्तु, फूल, बिरुवा, चरालाई पनि पात्रका रूपमा प्रयोग गरिएको छ । यस कवितामा प्रकृतिको मानवीकरण गर्दै प्रकृतिलाई धाई, सँगी, सुन्दरीका रूपमा प्रस्तुत गरिएको छ । यिनका चारित्रिक अभिलक्षण निम्नानुसार रहेका छन् :

| | म | मानिस | घाँस/जीवजन्तु/फूल/बिरुवा/चरा/काग/बादल/पानी/हिमाल/वन/वायु/ऋतु/पहाड | प्रकृति |
|---|---|---|---|---|
| १ | समाख्याता | प्रमुख पात्र | सहायक पात्र | प्रमुख पात्र |
| २ | वक्ता | शारीरिक र मानसिक ज्वरले पीडित पृथ्वीबासीहरू | जैविक ज्वरले आक्रान्त प्राणी र वनस्पति | ज्वरको शमन |

यस कवितामा ज्वरले पीडित स्थितिको वर्णन 'म' पात्रद्वारा गरिएको हुनाले 'म' यस कविताको समाख्याता बनेको छ । 'म' पात्रले विशेष गरी काठमाडौँको दक्षिणी-उत्तरी स्थानलाई आधार बनाएर कथ्य प्रस्तुत गरे पनि उसले विश्वजगत्का सम्पूर्ण मानव, प्राणी तथा वनस्पतिलाई इङ्गित गरिरहेको छ । 'म' ले नै यस कविताका सम्पूर्ण प्रसङ्गहरुको उद्घाटन गरेको छ । कवितामा प्रस्तुत ज्वरका तीन स्तर (पृथ्वीको बाह्य भौतिक-प्राकृतिक ज्वर, मानवीय शारीरिक ज्वर तथा मानवीय आत्मिक आन्तरिक चेतनाको ज्वर) को वर्णन र प्रकृतिको सुन्दरताको बयान गर्दै वर्षाद्वारा ज्वरको उपचार र निर्मूलीकरण भएको कुरा 'म' पात्रद्वारा व्यक्त गरिएको छ ।

यस कविताको मुख्य पात्र 'मानिस' लाई शारीरिक र मानसिक ज्वरबाट आक्रान्त बनेको देखाइएको छ । सूर्यबाट उत्पन्न अधिक तापले शारीरिक ज्वर र सांसारिक क्षुद्रता र हृदयका कारण उत्पन्न मानसिक ज्वरले मानव पीडित बनेको छ । प्रकृतिको शरणमा गएपछि प्रकृतिको वर्षाद्वारा उसको दुःखको निदान भएको छ । यस कवितामा मानिसहरुको यकिन सङ्ख्या भने उल्लेख गरिएको छैन ।

यस कवितामा 'घाँस', 'जीवजन्तु', 'फूल', 'बिरुवा', 'चरा' आदि मानवेतर पात्रको पनि प्रयोग गरिएको छ । यस्तै 'काग', 'बादल', 'पानी', 'हिमाल', 'वन', 'वायु', 'ऋतु''पहाड' आदि मानव इतरका सजीव तथा निर्जीव प्राणी तथा वस्तुलाई पनि पात्रको रुपमा उभ्याइएको छ । यी पात्रहरु कवितामा प्रमुख पात्रका कार्यमा सहयोगी बनेर सहायक पात्रका रुपमा आएका छन् । यी पात्रहरुमध्ये 'घाँस', 'जीवजन्तु', 'फूल', 'बिरुवा','चरा','काग' आदि सूर्यको प्रचण्ड गर्मीका कारण ज्वराक्रान्त बनेर शीतलताको खोजीमा लागेका छन्

भने 'बादल', 'पानी','हिमाल', 'वन', 'वायु', 'ऋतु','पहाड' आदि ज्वरार्त रोगीहरुलाई शीतलता दिने सन्दर्भमा कवितामा आएका छन् ।

यस कविताको अर्को प्रमुख पात्र 'प्रकृति'लाई बनाइएको छ । कवितामा प्रकृतिलाई मानवीकृत गर्दै धाई, माता, सुन्दरी, सँगी आदिका रुपमा प्रस्तुत गरिएको छ । ज्वरका तीनवटै स्तरको शमन यिनै प्रकृतिले वर्षाको माध्यमबाट गरेको कुरा व्यक्त गरिएको छ । कवितामा प्रकृतिका विविध रुपहरुलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । वन, पहाड, हिमाल, ऋतु, वायु, बादल, पानी आदि प्राकृतिक चीजवस्तुलाई पात्रका रुपमा खडा गरी विभिन्न उपमाहरु लगाएर तिनको मनमोहक ढङ्गबाट वर्णन गरिएको छ । कवितामा प्रकृतिले भौतिक-प्राकृतिक दृश्य रुप तथा अध्यात्मिक चेतनाको अदृश्य रुप दुवैलाई समेटेको छ ।

### ३.२.५ परिवेश

यस कवितामा परिवेशलाई जनाउने विभिन्न समय, स्थान र वातावरणको सङ्केत, उल्लेख र वर्णन पाइन्छ । यसमा काठमाडौ उपत्यकाको दक्षिणी-उत्तरी क्षितिजका दृश्यहरू आएका छन् । यसमा परिवेशअन्तर्गत आएको स्थानसूचक तथ्याङ्कहरू निम्नलिखित छन् :

१. छहरा................[३]

२. डाँडा................[१५]

३. बादल...............[१७]

४.......................पहाड [२३]

५.......................वन [२६]

६. दक्षिणी शैल .................[४०]

७.......................हिमाल [४१]

८. उत्तर .................[४१]

९. घाम.................[४६]

१०.......................घाँस [४७]

११. पृथ्वी .................[५२]

१२. झरी....................[६२]

१३.........................आकाश [७१]

१४. .......................वायु [८९]

यस कवितामा मुख्यतः काठमाडौँको दक्षिणी क्षितिजदेखि उत्तरी क्षितिजसम्मको स्थानिक प्राकृतिक दृश्यहरूको चित्रण गरिए पनि यसले सम्पूर्ण विश्वब्रम्हाण्डगत व्यापक परिवेशलाई समेटेको छ ।

यस कविताको परिवेशअन्तर्गत समयसूचक तथ्याङ्कहरू निम्नलिखित छन् :

१. ज्येष्ठको आज मध्यान्ह बेला .............[१]

२. पग्लन्छ झर्छ अमृत भई वर्षाले अश्मानी [३०]

यस कवितामा समयसूचक परिवेशअर्न्तगत गीष्म ऋतुको ज्येष्ठ महिनाको प्रचण्ड गर्मी र वर्षा यामको शीतल झरी आएका छन् । यसमा उल्लिखित महिना र समयावधिले कुनै विशिष्ट समयसंवत्लाई नजनाईकन सामान्य गर्मी र वर्षाको मौसमको समयलाई बुझाएको छ ।

यस कविताको परिवेशअर्न्तगत वातावरणसूचक तथ्याङ्कहरू निम्नलिखित छन् :

१. थाकेको श्रमझैँ, लिनलाई दमझैँ [२]

२. छहारीमुनि बटुवासरि, स्थगित-भ्रमण [३]

३. निधारमा लिई संसारको जरो [५]

४. प्रकृतिदेवी काम गर्छिन् कहीँ नजरका घेरामा [१६]

५. मानिसलाई दर्शाएँ दुःख, देखायो लाचारी [६८]

६. प्रकृतिलाई देखाउँदा मुस्किन्, माथलाई मुसारी [६९]

७. मानिसको छानो आकाश जान, पहाड दिवार [८५]

८. मानिसभन्दा ठूलो छ मानिस, मानिसमा विचार [८६]

९. चून र इँट संसार होइन, गणित हिसाब [९१]

१०. दिवस अन्धा, हृदय गन्धा [९२]............................

११. निधारमा हाम्रो संसारी जरो, कुत्सित स्वभाव [९३]

१२. धनी छ आकाश, धनी छ धरा, धनी छ पहाड ! [९६]

१३. प्रकृतिदेशमा प्रवेश कम भो, कम भो बहाड ! [९८]

१४. रोगायो मानिस गिरिवनबाट पुगेर सुदूर [९९]

१५. बादल भुवाले मलम लाए छातीमा चरर ! [१०८]

१६. निधारको जरो शीतल भो, आत्मा आँखामा बरर ! [१०९]

यस कविताको परिवेशअर्न्तगतका स्थान र समयको तुलनामा वातावरण बढी सशक्त र जीवन्त छ । यहाँ दुईथरी वातावरणलाई देखाइएको छ । एकथरी वातावरण दृश्य र मूर्त किसिमको छ भने अर्कोथरी अदृश्य र अमूर्त किसिमको छ । मूर्त वातावरणले अध्यात्मिक जगत्लाई बुझाएको छ । कवितामा ज्येष्ठको सूर्यको प्रचण्ड तापले सम्पूर्ण धरती र यहाँ रहेको जीवजन्तु, वनस्पति, प्राणी तापले आक्रान्त बनेका छन् अनि शीतलताको खोजीमा भौतारिएका छन् । सम्पूर्णले वर्षाको आशा गरेका छन् । कविताको उत्तरार्धतिर मानवजातिको सांसारिक अतिव्यस्तता र स्वार्थी प्रवृत्तिका कारण ऊ मानसिक रोगी बनेको र मानसिक ज्वरले आक्रान्त बनेको छ । भौतिक सुख मात्र खोज्ने र आफ्नो मात्र सुख हेर्ने मानिसले पछि गएर प्रकृतिलाई सम्झिएको छ । प्रकृतिको अथाह भण्डारलाई उपभोग गरी त्यसमा रमाउनुको साटो गिरिवनबाट टाढा रहेर, हिमाल, वन, पहाडबाट छुट्टिएर एक्लो र खोक्रो जीवन बाँचेकोमा मानवले पछुतो गरेको छ । शारीरिक पीडामुक्त हुन ऊ प्रकृतिको काखमा जान र प्राकृतिक वर्षामा रमाउन चाहेको छ । यसरी कविताको आदि र मध्य भागमा सूर्यको तापबाट पृथ्वी र पृथ्वीका सम्पूर्ण जीव, प्राणी र वनस्पति जैविक र शारीरिक ज्वरले आक्रान्त बन्नुपरेको स्थितिको वर्णन छ र यसै भागअन्तर्गत प्रकृतिका विविध पक्षहरूको सुन्दर  र कलात्मक रूपले चित्रण गरिएको छ भने कविताको अन्त्यको भागमा मानव जातिको सांसारिक क्षुद्रता र स्वार्थन्धताका कारण ऊ मानसिक र आत्मिक ज्वरले आक्रान्त बनेको प्रसङ्गको वर्णन रहेको छ । सांसारिक अतिव्यस्तता र तेरोमेरो भन्ने भावनाका कारण मानवता, अपनत्व र विश्वबन्धुत्वको भावनालाई बिर्सिएर, भावनाशून्य बन्दै अध्यात्मिक जगत्बाट अलग भई भौतिक संसारमा मात्र आफ्नो सुख खोजेका कारण अहिले मानसिक ज्वरबाट पीडित बन्नु परेको प्रसङ्ग यहाँ आएको छ । यी सबै ज्वरहरूबाट

मानव र अन्य प्राणीलाई मुक्त गराउन प्रकृतिले वर्षा गराई पृथ्वीमा खुसीयालीको वातावरण गराइदिएको प्रसङ्गको वर्णन पनि यसै भागमा गरिएको छ ।

यसरी समग्र कविताभरि नै प्राकृतिक वातावरणको वर्णन रहेको छ । यस्तै मान्छेको सामाजिक र सांस्कृतिक परिवेश पनि केही रूपमा कवितामा आएको छ । कवितामा प्राकृतिक परिवेश वा वातावरणलाई निकै सहज, स्वाभाविक, जीवन्त र प्रभावकारी रूपले प्रस्तुत गरिएको छ ।

समग्रमा स्थान, समय र वातावरणका दृष्टिले यो कविता काठमाडौँको कुनै समयको प्राकृतिक सुन्दरताको वर्णन तथा मानिसको सामाजिक प्रवृत्तिको एककालिक वर्णन जस्तो देखिए पनि विभिन्न सन्दर्भ परिवेश सार्वभौम र सार्वकालिक बन्नाका साथै सिङ्गो कविता वर्तमानमा पनि त्यत्तिकै सार्थक रहेको छ ।

### ३.२.६ उद्देश्य

प्राकृतिक गतिविधि तथा प्रकृति-मानव तादात्म्यको प्रकटीकरण यस कविताको मुख्य उद्देश्य हो । मानव भौतिकवादी दुनियाँमा अतिव्यस्त रहनाले प्राकृतिक दुनियाँलाई बिर्सँदै गएको छ र प्रकृतिबाट टाढा हुँदै गएपछि उसले दुःख भोग्नुपर्छ । मानवले भौतिकतालाई अँगाल्नाले अध्यात्मिकतालाई भुलेको र स्वार्थन्धताका कारण दया, माया, प्रेम, मानवता सबैलाई बेवास्ता गरिरहेको यर्थाथको प्रकटीकरण पनि यसको उद्देश्य हो ।

मानव भौतिक सुखमा रमाउनाले प्रकृतिबाट टाढिएको छ, तर प्रकृतिबाट टाढिए पनि प्रकृतिको असरबाट बच्न ऊ कहिल्यै सक्दैन । यस कवितामा पनि सूर्यको प्रचण्ड तापले मानव र सम्पूर्ण प्राणी ज्वराक्रान्त बनेका छन् र अन्त्यमा उनीहरूले प्राकृतिक शीतलता र वर्षाको अपेक्षा गरेका छन् । मानव वा अन्य सबै प्राणी प्रकृतिको सामीप्यतामा रहेसम्म प्रकति पनि उसका लागि अनुकूल बनिदिन्छिन् र प्रकृतिसँग दूरी बढाएमा वा प्रकृतिसँग वञ्चित हुन खोजेमा प्रकृति पनि उसका लागि प्रतिकूल बनेर प्रस्तुत हुन्छिन् त्यसैले मानव प्रकृतिबाट टाढा रहेर जिउन सक्दैन; प्रकृतिको सामीप्यतामा मात्र मानव र अन्य प्राणी खुसी र सुखी हुन सक्छन् भन्ने कुराको सन्देश यहाँ व्यक्त गरिएको छ ।

मानवजाति तेरोमेरो भन्ने कुरामा अल्झिरहेकाले निःस्वार्थ भएर लोकोपकारमा जुट्न सकिरहेका छैनन् । स्वार्थन्धताका कारण मानवले मानवको दुःख पीडा बुझ्न सकिरहेको छैन । मानिसले मानिसको सेवा र उपकार गर्नुको साटो अरुको दुःखमा

लाचार बनेर बसिरहेको छ । अध्यात्मिक जगत्‌बाट दिनहुँ टाढिँदै गएको छ । यसैले मानिसको सुख शान्ति पनि खल्बलिएको छ ऊ खुसी र सुखी हुन सकिरहेको छैन । यी सबैको एउटै कारण ऊ प्रकृतिबाट टाढा हुनु हो र ऊ सदैव सुखी र खुसी हुनका लागि प्रकृतिको शरणमा आउनै पर्ने यथार्थको प्रकटीकरण यस कवितामा गरिएको छ ।

यसरी 'प्रकृतिपरक तीब्र सौन्दर्यचेत, परम्परागत वैदिक रहस्यवादको विराट् सत्ता र आधुनिक पदार्थविज्ञानको सृष्टिदर्शन तथा स्वच्छन्दतावादी प्रकृति-मानव-तादात्म्यवादी दर्शनजस्ता तीन प्रकृतिदृष्टिको संश्लेषण अनि प्राकृतिक चक्रको अभिव्यक्तिका क्रममा पुराकथाको प्रयोगका साथ त्यससित रहस्यवादको समीकरण' (जोशी, २०४७:१६५) गरी कवितालेखनमा नयाँ प्रयोग गरिनु पनि यसको उद्देश्य हो ।

समग्रमा कवितामा सर्वत्र सत्यम्, शिवम् र सुन्दरम्‌को भावना अभिव्यञ्जित भएको छ । प्रकृतिलाई आध्यात्मको पर्यायका रुपमा प्रस्तुत गरिएको छ । मानव जतिसुकै भौतिकवादी बने पनि आत्मिक सुखका लागि उसलाई प्रकृतिको काखमा फर्कनैपर्छ, मानिस अध्यात्मिक चिन्तनले मात्र दीर्घजीवी बन्न सक्छ भन्ने सत्यलाई प्रस्तुत गर्दै वर्तमानमा प्रकृतिदेखि टाढिँदै गइरहेको मानवलाई प्रकृतितर्फ फर्कन आग्रह गर्नु नै यस कविताको मुख्य उद्देश्य हो ।

### ३.२.७ दृष्टिबिन्दु :

यस कवितामा आएका तल उल्लेखित पङ्क्तिहरुलाई आधार मानेर यस कविताको दृष्टिबिन्दु निर्धारण गर्न सकिन्छः

१. म पनि मनको हपहप मर्ने कुञ्जको शोचमा ! [७]

२. उत्तरमा हेरेँ हिमालउपर बाफिलो हिमाल छ, [४१]

३. बिताएँ मैले अकेला जस्ता [६६]

४. मानिसलाई दशाएँ दुःख, देखायो लाचारी, [६८]

५. त्यसैले मलाई आँखामा पसी, [८०]

६. यो धन बाँड्न मन लाग्छ मलाई समाजमा हरर ! [१११]

माथि प्रस्तुत कविताका पङ्क्तिहरुमा कविता प्रस्तुत गर्ने 'म' पात्र नै यस कविताको समाख्याता हो । यसमा 'म' पात्र वक्ता, प्रेषक र वर्णनकर्ताको रूपमा आएको छ भने पाठकहरू श्रोता वा प्रापकका रूपमा आएका छन् । 'म' समाख्याता भएकोले यो कविता प्रथम पुरुषात्मक वा आन्तरिक दृष्टिबिन्दुयुक्त रहेको छ । यस कवितालाई हेर्ने कोण पनि यही प्रथम पुरुष दृष्टिबिन्दुले निर्धारण गरेको छ । यसमा लेखक र पाठक दुवै अव्यक्त रहेकाले अन्तर्निहित लेखक र अन्तर्निहित पाठकको प्रयोग भएको छ र यही कारणबाट कविताको विचारधारा पनि अन्तर्निहित भई कलात्मक रूपमा प्रकट भएको छ ।

यस कवितामा सम्पूर्ण प्रकृति र मानवलाई 'म' का दृष्टिबाट हेरिएको छ र कविताको भाव 'म' कै माध्यमबाट अभिव्यक्त भएको छ । यस कवितामा कवि सर्वज्ञ समाख्याता भई निम्न प्रकारका विचारधारा प्रस्तुत गरिएको छ :

१. मानिस अति बढी भौतिक विलासिताका कारण प्रकृतिसँग टाढिँदै गएको तथ्य प्रस्तुति,

२. मानव सांसारिक क्षुद्रता र स्वार्थी प्रवृतिका कारण मानवताबाट विमुख हुँदै गएको तथ्य प्रस्तुति,

३. प्रकृति नै हाम्रो जीवनको सर्वस्व हो, सौन्दर्य र आनन्दको अक्षय आधार हो,

४. सम्पूर्ण विश्वको विशाल आत्मा नै प्रकृतिका रुपमा अभिव्यक्त भएको छ, अतः प्रकृतिसँगको सामीप्य नै त्यस सत्यलाई आत्मसात् गर्ने माध्यम हो भन्ने विचारको प्रस्तुति ।

यस कविताको आदिदेखि अन्त्यसम्म 'म' ले वर्णनात्मक ढङ्गमा आफना विचारहरू प्रस्तुत गरेको छ । 'म' द्वारा प्रथम पुरुषात्मक दृष्टिबिन्दुका रूपमा प्रस्तुत गरिएका विचारहरू 'म' पात्रका अन्तरङ्ग अनुभवहरू भएकाले तिनको प्रस्तुतिमा विश्वसनीयता पाइन्छ । यसमा प्रस्तुत ज्येष्ठको प्रचण्ड गर्मी, प्रकृतिको सुन्दरताको वर्णन, वर्षाद्वारा ज्वरको शमन तथा मानवको अन्तर्मनमा उत्पन्न मानसिक ज्वरबारे बुझ्नका लागि 'म' का दृष्टिबिन्दुबाट हेर्नु आवश्यक छ । यस दृष्टिबिन्दुबाट हेर्दा यसमा वर्णित ज्वरले काठमाडौँको सन्दर्भबाट सिङ्गो देश र संसारका आम जनतालाई सङ्केत गरेको छ । यस कविताका प्रसङ्गहरू यसै देश र धरतीका मानिसहरूले भोगेका घटनाका रूपमा कलात्मक ढङ्गले प्रथम पुरुषात्मक दृष्टिबिन्दुमा प्रस्तुत गरिएका छन् ।

### ३.२.८ भाषाशैलीशिल्पविधानः

### ३.२.८.१ प्रमुख सङ्केतक र सङ्केतित

यस कवितामा प्रयुक्त मुख्यमुख्य सङ्केतक तथा तिनले सङ्केतित गर्ने अभिधेयार्थ र सन्दर्भार्थ तलको तालिकामा देखाइन्छ :

| सङ्केतक | सङ्केतित : अभिधेयार्थ | सङ्केतित : सन्दर्भार्थ |
|---|---|---|
| १. ज्येष्ठ | जेठ महिना | गर्मी याम |
| २. संसारको जरो | बाहिरी जगत्को ताप वा ज्वरो | निजी स्वार्थ |
| ३. हिमालका दौरा | निर्जीव वस्तुले लगाउने वस्त्र (?) | सेतो हिमाल |
| ४. वर्षा | झरी | ज्ञान र सुखको प्राप्ति |
| ५. सुन्दरी | सुन्दर स्त्री | प्रकृति |
| ६. धाई | सेविका | प्रकृति |
| ७. मानिसभन्दा ठूलो मानिस | मानव | मानवता |
| ८. दिवस अन्धा | अन्धो | स्वार्थी क्रियाकलापहरु |
| ९. चून र इँट | चूना र इँटा | भौतिक विलासिताका वस्तुहरु |
| १०. बादल भुवा | सेतो बादल | कोमलताको प्रतीक |
| ११. बादलभुवाले मलम लाउनु | चोटमा मलम लगाउनु | प्रकृति र मानव सम्बन्ध |
| १२. प्रकृति देशमा प्रवेश कम | प्रकृतिबाट टाढिनु | सांसारिक मोहजालमा फस्नु |

**३.२.८.२ 'ज्वरशमना प्रकृति' कवितामा प्रयुक्त शब्दहरुको वर्णानुक्रम सूची :**

| क्र.सं. | शब्द | आवृत्ति |
|---|---|---|
| १ | अकेला | |
| २ | अन्धा | |
| ३ | अद्भुत | २ |
| ४ | अब | |
| ५ | अमित | |
| ६ | अमृत | |
| ७ | अरु | |
| ८ | अश्मानी | |
| ९ | आँखा | ३ |
| १० | आँग | |
| ११ | आकाश | ६ |
| १२ | आज | २ |
| १३ | आत्मा | २ |
| १४ | आदिम | |
| १५ | आफू (आफै) | ४ |
| १६ | आफ्ना | |
| १७ | इँट | |
| १८ | इङ्गित | |
| १ ९ | इन्द्रेनी | |
| २० | उक्लनु | |
| २१ | उज्यालो | |
| २२ | उपल्ला | |
| २३ | उत्सव | |
| २४ | उर्लनु | |
| २५ | ऊ | |
| २६ | ए | ५ |

| | | |
|---|---|---|
| २७ | एक | |
| २८ | एकान्त | २ |
| २ ९ | औषधिदान | |
| ३० | कटाक्ष | |
| ३१ | कम | |
| ३२ | कमाल | |
| ३३ | कर | |
| ३४ | करुण | |
| ३५ | कर्तव्य | |
| ३६ | कल्पनु | |
| ३७ | कलिलो | ४ |
| ३८ | कवि | |
| ३९ | कसै (को) | |
| ४० | कहिल्यै | |
| ४१ | कहीँ | २ |
| ४२ | काँढा | |
| ४३ | काक | |
| ४४ | कागज | |
| ४५ | कान | |
| ४६ | काम | २ |
| ४७ | कार्चोबी | |
| ४८ | कि | |
| ४९ | किनकि | |
| ५० | किनार(किनारा) | २ |
| ५१ | कुइरो | |
| ५२ | कुञ्ज | |
| ५३ | कुत्सित | |
| ५४ | कुरा | |

| | | |
|---|---|---|
| ५५ | कुवेर | |
| ५६ | केवल | |
| ५७ | कोमल | |
| ५८ | कोही | ५ |
| ५ ९ | खँदिला | |
| ६० | खजाना | |
| ६१ | खाल्टा | |
| ६२ | खूब | |
| ६३ | खोज | |
| ६४ | खोलो | |
| ६५ | खोल्नु | |
| ६६ | गणित | |
| ६७ | गन्धा | |
| ६८ | गर्नु | |
| ६९ | गर्मी | |
| ७० | गरीब | २ |
| ७१ | गाउनु | ५ |
| ७२ | गाढा | |
| ७३ | गाना | |
| ७४ | गिज्याउनु | |
| ७५ | गिरीवन | |
| ७६ | गीत | ५ |
| ७७ | गुँड | |
| ७८ | गुनगुन | २ |
| ७९ | गुल्जार | |
| ८० | गौँडा | |
| ८१ | घडी | |
| ८२ | घर | |

| | | |
|---|---|---|
| ८३ | घाँस | |
| ८४ | घाम | |
| ८५ | घेरा | |
| ८६ | चपला | |
| ८७ | चरर | |
| ८८ | चरा(चरो) | ३ |
| ८९ | चर्को | |
| ९० | चल्नु | |
| ९१ | चहाड | २ |
| ९२ | चाँदी | |
| ९३ | चाख | |
| ९४ | चिन्नु | |
| ९५ | चुकाउनु | |
| ९६ | चुली | ४ |
| ९७ | चुपचाप | |
| ९८ | छ | १७ |
| ९ ९ | छन्(हुनु) | |
| १०० | छहरा | |
| १०१ | छाउनु | |
| १०२ | छाती | |
| १०३ | छानो | |
| १०४ | छाया | |
| १०५ | छाल | |
| १०६ | छिनछिन | |
| १०७ | छिरबिर | |
| १०८ | छु | २ |
| १०९ | छुनु | २ |
| ११० | छेक्नु | |

| | | |
|---|---|---|
| १११ | छोडी | |
| ११२ | जगत् | |
| ११३ | जमिन | |
| ११४ | जरो (ज्वर) | ९ |
| ११५ | जल | |
| ११६ | जलबिन्दु | |
| ११७ | जसको | २ |
| ११८ | जस्तो | |
| ११९ | ज्येष्ठ | |
| १२० | ज्वाला | |
| १२१ | जिउँदो | |
| १२२ | जीव | |
| १२३ | जीवन | |
| १२४ | जुन | |
| १२५ | जुहार | |
| १२६ | जूनी | |
| १२७ | जो | |
| १२८ | झरर | |
| १२९ | झरी | |
| १३० | झर्नु | |
| १३१ | झलक्क | |
| १३२ | झलझल | |
| १३३ | झ्याल | २ |
| १३४ | झिल्किनु | |
| १३५ | झुक्नु | |
| १३६ | झूल | |
| १३७ | झोपडी | |
| १३८ | झोल्लिनु | |

| | | |
|---|---|---|
| १३९ | ठूलो | |
| १४० | डाँडा | |
| १४१ | डुब्नु | |
| १४२ | डेरा | |
| १४३ | ढाक्नु | ३ |
| १४४ | तकिया | |
| १४५ | तन्कनु | |
| १४६ | तृण | |
| १४७ | तह | |
| १४८ | त्यस | |
| १४९ | त्यस्ता | |
| १५० | त्यही | |
| १५१ | त्यो | |
| १५२ | तान्नु | |
| १५३ | ताप | |
| १५४ | तिमी | ३ |
| १५५ | ती | |
| १५६ | दक्षिणी | ४ |
| १५७ | दम | |
| १५८ | दयालु | |
| १५९ | दिल | |
| १६० | दिवस | |
| १६१ | दिव्य | |
| १६२ | दुईचार | |
| १६३ | दुःख | २ |
| १६४ | दुःखी | |
| १६५ | देखाउनु | |
| १६६ | देश | |

| | | |
|---|---|---|
| १६७ | दोरङ्गी | |
| १६८ | दौरा | |
| १६९ | धन | |
| १७० | धनी | ३ |
| १७१ | धरा | |
| १७२ | धाउनु | |
| १७३ | धाई | |
| १७४ | धेर | |
| १७५ | नजर | |
| १७६ | न(देख्नु) | |
| १७७ | (न)बोल्नु | |
| १७८ | (न)रुनु | |
| १७९ | नशालु | |
| १८० | नहुनु(भएनन्) | |
| १८१ | निक्लनु | |
| १८२ | निधार | ४ |
| १८३ | निन्दनु | |
| १८४ | नीला | |
| १८५ | नीलिनु | |
| १८६ | पख्नु(पख) | ३ |
| १८७ | पग्लनु | |
| १८८ | पछ्यौरा | |
| १८९ | पनि | २ |
| १९० | प्रवेश | |
| १९१ | प्रकृति | ६ |
| १९२ | प्रकृतिदेवी | २ |
| १९३ | पृथ्वी | ३ |
| १९४ | पर | |

| | | |
|---|---|---|
| १९५ | पवन | |
| १९६ | पर्श | |
| १९७ | पर्शनु | |
| १९८ | पस्नु | २ |
| १९९ | पहाड | ४ |
| २०० | पाँच | |
| २०१ | पाउ | |
| २०२ | पाखो | |
| २०३ | पात | |
| २०४ | प्राणी | |
| २०५ | पानी | २ |
| २०६ | पार्नु | |
| २०७ | पीडित | |
| २०८ | पीयूषपान | |
| २०९ | पीरती | |
| २१० | पुग्नु | |
| २११ | पूर्व | |
| २१२ | पोशाक | २ |
| २१३ | फुल्नु | |
| २१४ | फूल | ४ |
| २१५ | फैलनु | |
| २१६ | बजाउनु | |
| २१७ | बटुवा | |
| २१८ | बढ्नु | |
| २१९ | बतास | |
| २२० | बनाउनु | |
| २२१ | बरर | |
| २२२ | बस्नु | ७ |

| | | |
|---|---|---|
| २२३ | बहाड | |
| २२४ | बहार | |
| २२५ | बाँड्नु | |
| २२६ | बाँधिनु | |
| २२७ | बादल | ५ |
| २२८ | बादलभुवा | |
| २२९ | बाफ | २ |
| २३० | बाफिलो | |
| २३१ | बालककाल | |
| २३२ | बिछ्याउनु | |
| २३३ | बिताउनु | |
| २३४ | बिरुवा | २ |
| २३५ | बुट्टा | |
| २३६ | बेला | |
| २३७ | भई | |
| २३८ | भण्डार | |
| २३९ | भ्रमण | |
| २४० | भन्नु | |
| २४१ | भर्नु | |
| २४२ | भवन | |
| २४३ | भाइ | |
| २४४ | भाव | |
| २४५ | भावना | |
| २४६ | भुल्नु | |
| २४७ | भुवा | |
| २४८ | भेटघाट | |
| २४९ | भेट्टाउनु | |
| २५० | भो | ३ |

| | | |
|---|---|---|
| २५१ | म | |
| २५२ | मधुर | |
| २५३ | मध्यान्ह | |
| २५४ | मन | ५ |
| २५५ | मर्नु | |
| २५६ | मलम | |
| २५७ | मलाई | ६ |
| २५८ | मस्त | |
| २५९ | महफिल | |
| २६० | माथ | |
| २६१ | मानव | |
| २६२ | मान्नु (मानौं) | २ |
| २६३ | मानिस | ६ |
| २६४ | माया | |
| २६५ | मायालु | |
| २६६ | मार्नु | |
| २६७ | मुट्ठी | |
| २६८ | मुटु | २ |
| २६९ | मुनि | |
| २७० | मुरली | |
| २७१ | मुसार्नु | |
| २७२ | मुसार | |
| २७३ | मुस्किनु | |
| २७४ | मैले | |
| २७५ | मोती | |
| २७६ | मौन | |
| २७७ | यो | ३ |
| २७८ | र | ६ |

| | | |
|---|---|---|
| २७९ | रन्कनु | |
| २८० | रसाउनु | |
| २८१ | राज | |
| २८२ | राम्रा | |
| २८३ | रुनु | |
| २८४ | रे | २ |
| २८५ | रेशम | |
| २८६ | रोगाउनु | |
| २८७ | रोगी | |
| २८८ | रोशनी | |
| २८९ | लगाउनु | |
| २९० | लठ | |
| २९१ | लतार्नु | |
| २९२ | लमतन्न | |
| २९३ | लाग्नु | |
| २९४ | लाचारी | |
| २९५ | लामा | |
| २९६ | लाल | |
| २९७ | लिनु | ५ |
| २९८ | लुक्नु | |
| २९९ | लेख्नु | |
| ३०० | लैजानु | |
| ३०१ | वञ्चित | |
| ३०२ | वन | ३ |
| ३०३ | वर्षा | २ |
| ३०४ | वर्षाउनु | |
| ३०५ | वायु | २ |
| ३०६ | विचार | |

| | | |
|---|---|---|
| ३०७ | विफलता | |
| ३०८ | विशाल | ५ |
| ३०९ | वैरो | |
| ३१० | शमन | २ |
| ३११ | शिर | |
| ३१२ | शिरबिन्दु | |
| ३१३ | शीतल | ५ |
| ३१४ | शुभ | |
| ३१५ | शून्य | |
| ३१६ | शैल | |
| ३१७ | शोच | |
| ३१८ | सँगी | |
| ३१९ | संसार | ७ |
| ३२० | सकल | |
| ३२१ | सङ्गीत | ३ |
| ३२२ | सत्य(सत्ते) | |
| ३२३ | सधैँ | |
| ३२४ | सन्चो | |
| ३२५ | सब | |
| ३२६ | सम्झना | |
| ३२७ | सम्याउनु | |
| ३२८ | समाज | |
| ३२९ | सम्झिनु | |
| ३३० | सल्सलाउनु | |
| ३३१ | सलिल | |
| ३३२ | साँवलो | |
| ३३३ | सागर | |
| ३३४ | साथी | ३ |

| | | |
|---|---|---|
| ३३५ | सानो | |
| ३३६ | सारा | |
| ३३७ | सिकाउनु | |
| ३३८ | सिन्धु | |
| ३३९ | सिमाना | |
| ३४० | सियाली | |
| ३४१ | सीमल | |
| ३४२ | सुख | |
| ३४३ | सुदूर | |
| ३४४ | सुन्दरी | |
| ३४५ | सुन्नु | ६ |
| ३४६ | सुषमा | |
| ३४७ | सुस्त | |
| ३४८ | सुस्ताउनु | |
| ३४९ | सुसेली | |
| ३५० | सूर्य | |
| ३५१ | स्थगित | |
| ३५२ | स्पर्श | |
| ३५३ | स्वभाव | |
| ३५४ | स्वर्ग | २ |
| ३५५ | हज्जार | |
| ३५६ | हपहप | |
| ३५७ | हप्कनु | |
| ३५८ | हरर | |
| ३५९ | हरियो | २ |
| ३६० | हर्ष | |
| ३६१ | हाँस्नु | |
| ३६२ | हात | |

| | | |
|---|---|---|
| ३६३ | हानिनु | |
| ३६४ | हामी | ३ |
| ३६५ | हाम्रो | |
| ३६६ | हाल्नु | |
| ३६७ | हावा | |
| ३६८ | हिमाल | २ |
| ३६९ | हिसाब | |
| ३७० | हिस्सा | |
| ३७१ | हीरा | |
| ३७२ | हुत्याउनु | |
| ३७३ | हुनु(भई) | |
| ३७४ | हुन्न | |
| ३७५ | हेर्नु | ३ |
| ३७६ | है | |
| ३७७ | हो | ३ |
| ३७८ | होइन | |
| ३७९ | होला | |

**३.२.८.३ लय :**

'ज्वरशमना प्रकृति' लोकलयमा आधारित झ्याउरे छन्दमा लेखिएको छन्दोबद्ध कविता हो । यसमा हरेक पङ्क्तिमा यति वा विश्रामका आधारमा दुईवटा र एउटा अन्त्य गरी तीन भाग हुन्छन् । सोह्र अक्षरका एक पाउ हुने यस छन्दमा पाँचौं, दसौं र सोह्रौं अक्षरमा विश्राम लिइन्छ । ५+५+६(३+२, ३+२, ३+३) अक्षरसंरचना हुने झ्याउरे छन्दका सबैजसो कविता गेयात्मक हुन्छन् ।

झ्याउरे छन्दका ९२ पूर्ण चरण र १९ खण्ड चरण गरी जम्मा १११ पङ्क्तिहरूमा संरचित यस कवितामा अनुप्रास विधान दुई पङ्क्तिहरूका बीच, ३ वा ४ पङ्क्तिहरूका बीच तथा आदि, मध्य र मध्यान्तमा समेत गरिएको छ ।

(१.) यस कवितामा दुई पूर्ण चरणका बीच अन्त्यानुप्रास योजना यस्तो देखिन्छः

१. जीवझैँ बढ्छन् नदेख्ने गरी, अकासे **गौँडामा** ! [१४]

सियाली छाया घामले छिरबिर दोरङ्गी **डाँडामा !** [१५]

२. प्रकृतिदेवी काम गर्छिन् कहीँ नजरका **घेरामा** [१६]

बादल फूल लगाउन झूल पृथ्वीका **डेरामा** [१७]

३. कलिला करले मुसार्छिन् मलाई काम हावाले **निधारमा**, [१८]

जुन वायु नीला बनबाट धाउँछ झोपडी **किनारमा**, [१९]

४. कलिलो पर्श ! कलिलो सँगी ! एकान्त **गल्जार छ** ! [२०]

संसारको जरो रन्केको अब शीतल **निधार छ** ! [२१]

५. सीमलका मेरो तकिया सम्याई, मुसार्न **शिरमा** [३२]

हरियो मानौँ कार्चोबी बिछ्याई, प्यारले **ज्वरमा** [३३]

६. आदिम गाना गीत गाउन थालिन् धाईको **गुन्गुन** [३७]

पोशाक सरसर सुनेझैँ लाग्यो ज्वर यो **शमन** । [३८]

७. कलिलो हातले सम्याउँछिन् जीवन, पीडितमा **जरोले** ! [३९]

दक्षिणी शैल सङगीतले ढाकिन्, पानीको **कुइरोले** । [४०]

८. उत्तरमा हेरेँ हिमालउपर बाफिलो **हिमाल छ**, [४१]

शिरबिन्दुतिर तान्नेको बादल लमतन्ने **कमाल छ,** [४२]

९. चूपचाप ती छन् तन्केका लामा सूर्यलाई **भेट्टाउन** [४३]

सियाल हाल्ने कर्तव्य आफनो जगत्मा **चुकाउन** ! [४४]

१०. ए ! साथी ! हाम्लाई सम्झिने कोही छ, बिरुवा ! **चरा हो !** [४५]

घामले दुःखी ए फूल राम्रा ! नबोल्ने **कुरा हो** ! [४६]

११. दक्षिणी चुली -किनारा पर कोही दिल छ **दयालु !** [५०]

उसकै सारा भावना छाए आकाशमा **मयालु !** [५१]

१२. पृथ्वी तिम्लाई गर्मी छ, पख ! स्वर्ग नै **रुनेछ** [५२]

ए जीव हो ! तिम्लाई ताप छ, पख, मलमले **छुनेछ** [५३]

१३. ए रोगी तिम्लाई जरो छ, पख, ज्वर-शमन **हुनेछ,** [५४]

किनकि कोही लुकेर हेर्छ मायाले **छुनेछ** ! [५५]

१४. कुवेरको जुहार एक घरभन्दा आँखाका **झलझल** [५६]

वर्षाको मलाई एक मुट्ठी मीठो, अमृत **सलिल** । [५७]

१५. धनीकी छोरीको कटाक्षभन्दा चपला **झलक्क** ! [५८]

स्वर्गमा बसी बादलमहल झिल्किने **मिलिक्क** ! [५९]

१६. समाजको उत्सव, मिलनभन्दा, सिन्धुको **सम्झना** [६०]

बादलभरि लेखेका कोमल करुण **भावना** [६१]

१७. झरीमा जस्ती कहिल्यै हुन्नन् पृथिवी **धनी रे** ! [६२]

महफिल हुन्न एकान्त जस्तो स्वर्गमा **मनि रे** ! [६३]

१८. झरनै लागे झोल्लेका बादल, साँवलो **आकाशमा** [७१]

शून्यलाई ढाकी भरेको मन लुकेझैँ **समाजमा** ! [७२]

१९. आकाशको कवि कल्पेर फैल्यो अबलाई गीत **गाउँछ** [७३]

वनले सुन्छन्, तृणले सुन्छन्, मन यो **रसाउँछ** [७४]

२०. कानमा पसी, मुटुमा बसी, गीत गाउन **सिकाउँछ** [८१]

गीतमा बसी संसारको ताप सकल **गिज्याउँछ** [८२]

२१. मानिसको छानो आकाश जान, पहाड **दिवार** [८५]

मानिसभन्दा ठूलो छ मानिस, मानिसमा **विचार** [८६]

२२. भण्डार जसको प्रकृति सारा, हरियो **खजाना** [८७]

जसको जमिन बाँधिन्न कहीँ लिएर **सिमाना** ! [८८]

२३. ॠतुको भाइ, बादलको सँगी, वायुको **पियार,** [८९]

चराको साथी बनको लाल, दिव्यको **मुसार** [९०]

२४. ए साथी ! सत्ते ! काही काम गर्छ जिउँदो र **मयालु** [९१]

प्रकृतिदेवी इङ्गितबाट वञ्चित छन् **नशालु** [९५]

२५. धनी छ आकाश, धनी छ धरा, धनी छ **पहाड !** [९६]

हामीले भुल्यौं हिस्सा है लिन उलँदा **चहाड ।** [९७]

२६. सहस्रकोटी सागरका मोती गीत गाए **झरर !** [१०६]

विफलताका हज्जार ज्वाला मारेर **सरर !** [१०७]

२७. बादलभुवाले मलम लाए छातीमा **चरर !** [१०८]

निधारको जरो शीतल भो, आत्मा आँखामा **बरर !** [१०९]

(२.) यस कवितामा दुईदुई खण्ड-चरणहरूबीच यस्तो किसिमको अन्त्यानुप्रास योजना देखिन्छः

१. निधारमा लिई संसारको **जरो,** [५]

छु, आफ्नो गुँडको झ्यालको **चरो,** [६]

२. पाँच तह, बादल चाँदीका **बुट्टा** [९]

उक्लेर सुस्त मौन र **मस्त** [१०]

३. खँदिला चुली बाफ भई **उक्ली** [१२]

चुलीमा चुली बाफ फुली, **निक्ली** [१३]

४. एक पाखो पहाड शीतलमा **डुब्छः** [२३]

त्यसको चाख अरुमा **खूब छ,** [२४]

५. फूलमा पाउमा चल्दछिन् **मानौं,** [३०]

रेशमी पोशाक सल्सलाई **स्यानो,** [३१]

६. सुखका घडी भएनन् **त्यस्ता** [६५]

बिताएँ मैले अकेला **जस्ता** [६६]

७. आँखा र कान मुटुले **हेर !** [१००]

संसार छिनछिन अद्भुत छ **धेर !** [१०१]

(३.) कविताका ठाउँठाउँमा सहवर्ती ३ वा ४ पङ्क्तिका बीचमा पनि अन्त्यानुप्रासको विधान गरिएको छ :

(क) तीन पङ्क्ति बीचको अन्त्यानुप्रास विधान :

१. ज्येष्ठको आज मध्यान्ह बेला सुस्ताउँछ **पवन** [१]
थाकेको श्रमझैं लिनलाई दमझैं [२]
छहरामुनि बटुवासरि, स्थगित **भ्रमण** [३]

२. बनाउँछिन् राज एक स्पर्शद्वारा प्रकृति **मानिसलाई** ! [१०२]
अदभुत संसार मुटुले खोल, [१०३]
गरीब छु भनी नरोऊ मानिस ! निन्देर **आफूलाई** ! [१०४]

३. विशालतिर लैजान हामलाई आफूलाई **वर्षाउँछ,** [७६]
आफै छ जल, आफै छ खोलो, आफै छ सागर, [७७]
कसैको विशाल आत्माको छाल मलाई **हुत्याउँछ** [७८]

(ख) चार पङ्क्ति बीचको अन्त्यानुप्रास विधान :

१. दुइचार काक हानिए पूर्व, शीतलको **खोजमा** [४]
निधारमा लिई संसारको जरो, [५]
छु आफनो गुँडको झ्यालको चरो, [६]
म पनि मनको हपहप मर्ने कुञ्जको **शोचमा** ! [७]

२. उज्यालो हीरा भुवामा हाँसे, हिमालका **दौरामा** ! [११]
खँदिला चुली बाफ भई उक्ली, [१२]
चुलीमा चुली बाफ फुली, निक्ली, [१३]
जीवझैं बढ्छन नदेख्ने गरी, अकासे **गौंडामा** ! [१४]

३. दक्षिणी थुम्को सङ्गीतले ढाकिन्, पानीको **कुइरोले**, [२२]
एक पाखो पहाड शीतलमा डुब्छ : [२३]

त्यसको चाख अरुमा खूब छ, [२४]

शुभ त्यो सङ्गीत जलबिन्दु मधुर, शीतल **वैरोले** [२५]

४. विलास भन्नु डाँडामा बस्छ ; पीरती **पातमा** [६४]

सुखका घडी भएनन् त्यस्ता [६५]

बिताएँ मैले अकेला जस्ता [६६]

प्रकृति**साथमा** ! [६७]

५. दक्षिणी चुली नीलिए गाढा उपल्ला **घेरामा** ! [८]

पाँच तह, बादल चाँदीका बुट्टा [९]

उक्लेर सुस्त मौन र मस्त, [१०]

उज्यालो हीरा भुवामा हाँसे, हिमालका **दौरामा** ! [११]

६. सुन्दरी कोही, सधैंकी बहार, अमित **सुषमा,** [२९]

फूलका पाउमा चल्दछिन् मानो, [३०]

रेशमी पोशाक सल्साई स्यानो, [३१]

सिमलका मेरो तकिया सम्याई, मुसार्न **शिरमा;** [३२]

(४.) यस कविताका विभिन्न स्थानमा बहुल अन्त्यानुप्रासको निरन्तरता देखिन्छ :

१. बिरुवाजस्तै मलाई पनि सन्चोले लठ **पारी,** [३४]

पर्शेर आँग, गीत गाउन थालिन् धाईको **गुन्गन,** [३५]

होला कि चर्को रोशनी भनी, कागतले **छेकारी,** [३६]

२. पृथ्वी तिम्लाई गर्मी छ, पख ! स्वर्ग नै **रुनेछ** [५२]

ए जीव हो ! तिम्लाई ताप छ, पख, मलमले **छुनेछ** [५३]

ए रोगी तिम्लाई जरो छ, पख, ज्वर-शमन **हुनेछ,** [५४]

किनकि कोही लुकेर हेर्छ मायाले **छुनेछ** ! [५५]

३. कानमा पसी, मुटुमा बसी, गीत गाउन **सिकाउँछ,** [८१]

गीतमा बसी संसारको ताप सकल **गिज्याउँछ,** [८२]

पहाड, खाल्टा, मनका वन मुरली **बजाउँछ !** [८३]

४. धनी छ आकाश, धनी छ धरा, धनी छ **पहाड !** [९६]

हामीले भुल्यौं हिस्सा है लिन उलँदा **चहाड !** [९७]

प्रकृतिदेशमा प्रवेश कम भो, कम भो **बहाड !** [९८]

५. रोगायो मानिस गिरिवनबाट पुगेर **सुदूर** [९९]

आँखा र कान मुटुले **हेर !** [१००]

संसार छिनछिन अद्भुत छ **धेर !** [१०१]

त्यै सबमा धनी, ली मानव जूनी, जो बस्छ **सुनेर !** [१०२]

६. सहस्रकोटी सागरका मोती गीत गाए **झरर !** [१०६]

विफलताका हज्जार ज्वाला मारेर **सरर !** [१०७]

बादलभुवाले मलम लाए छातीमा **चरर !** [१०८]

निधारको जरो शीतल भो, आत्मा आँखामा **बरर** ! [१०९]

(**५.**) यसै गरी यस कविताका केही स्थानहरुमा पहिलो पङ्क्तिको अन्त्यानुप्रास चौथो पङ्क्तिसँग मिलाएर र त्यहींनेर पुनः त्यो चौथो पङ्क्तिको अन्त्यानुप्रासलाई पाँचौं पङ्क्तिको अन्त्यानुप्राससँग मिलाएर [१-४] स्थिति एकैस्थानमा पनि राखिएको छ :

१. उज्यालो हीरा भुवामा हाँसे, हिमालका **दौरामा** ! [११]

खँदिला चुली बाफ भई उक्ली, [१२]

चुलीमा चुली बाफ फुली, निक्ली, [१३]

जीवझैं बढ्छन नदेख्ने गरी, अकासे **गौंडामा,** [१४]

सियाली छाया घामले छिरबिर दोरङ्गी **डाँडामा** ! [१५]

२. सुन्दरी कोही, सधैंकी बहार, अमित **सुषमा,** [२९]

फूलका पाउमा चल्दछिन् मानो, [३०]

रेशमी पोशाक सल्सलाई स्यानो, [३१]

सिमलका मेरो तकिया सम्याई, मुसार्न **शिरमा** ; [३२]

हरियो मानो कार्चोनी बिछयाई, प्यारले **ज्वरमा**, [३३]

(६) यस कवितालाई अभ्र श्रुतिमधुर र लयात्मक बनाउन कविले ठाउँठाउँमा एउटै पङ्क्तिभित्र शब्दहरूको पुनरावृत्ति गरेर तथा दुई सहवर्ती पङ्क्तिका मध्य भागमा कुनै शब्दहरूको पुनरावृत्ति गरेर कवितामा थप मिठास भरेका छन् । कविताको एउटै पङ्क्तिको आदि र मध्यमा शब्दहरूको पुनरावृत्ति तथा समध्वन्यात्मक विन्यासले लयात्मकता सिर्जना गरेको छ :

कविताको भाग-१, पङ्क्तिपुञ्ज-१ [२] श्रमझैँ-दमझै, १ [३] मुनि-सरि, पङ्क्तिपुञ्ज-२[३] सुस्त-मस्त, पङ्क्तिपुञ्ज-३[२] फूल-झूल; भाग-२, पङ्क्तिपुञ्ज १ [७] पान-दान; भाग-३, पङ्क्तिपुञ्ज १ [१] हिमाल-हिमाल; भाग-५, पङ्क्तिपुञ्ज १ [१] झरनै-झोल्लेका, १ [४] सुन्छन्-सुन्छन्, १ [५] विशाल-विशाल, १ [७] आफै-आफै, १ [११] पसी-पसी; भाग-६ पङ्क्तिपुञ्ज १ [२] मानिस-मानिस, २[६] धनी-धनी, २[८] कम-कम, ३[४] धनी-जूनी जस्ता समान पद तथा समध्वन्यात्मक वाक्यीय एकाइहरूको पुनरावृत्तिले कवितामा थप लयात्मकता सिर्जना गरेको छ ।

यसै गरी कविताका दुई सहवर्ती पङ्क्तिका आदि र मध्यमा पनि समान पदको पुनरावृति तथा समध्वन्यात्मक पदको स्थापनाले लयात्मकता सिर्जना गरेको छ ।

कविताको भाग-२, पङ्क्तिपुञ्ज २[४-५] सम्याई-बिछयाई; भाग-३, पङ्क्तिपुञ्ज ३[१३-१४] ए जीव हो ! तिम्लाई ताप छ, पख – ए रोगी तिम्लाई जरो छ, पख; भाग-४, पङक्तिपुञ्ज-१[१३-१४] मानिसलाई-प्रकृतिलाई; भाग-५, पङ्क्तिपुञ्ज-१ [५-६] विशालबाट-विशालतिर-१[१०-११] आँखामा पसी कानमा पसी, १ [११-१२] मुटुमा बसी-गीतमा बसी; भाग-६, पङ्क्तिपुञ्ज १ [१-२] मानिस-मानिस, १ [३-४] जसको-जसको, १ [५-६] ऋतुको चराको आदिजस्ता समान तथा समध्वन्यात्मक वाक्यीय एकाइहरूको पुनरावृत्तिले कवितामा थप लयात्मकता सिर्जना गरको छ ।

समग्रमा यस कविताको लय व्यवस्थालाई हर्दा यो एउटा छन्दोबद्ध कविता भएकाले स्वतः लयात्मक भएको तथ्य स्पष्ट हुन्छ । यस कविता आद्ययन्त आनुप्रासिकता (विशेषतः अन्त्यानुप्रास) भएको कविता हो । अधिकांश सम पङ्क्ति र केही विषम

पङ्क्तिहरुमा अन्त्यानुप्रासको संयोजन यस कवितामा गरिएको छ । यस कविताको तेस्रो र चौथो पङ्क्ति बीचमा पनि अन्त्यानुप्रासको विधान गरिनाले कविताको लय अझ प्रभावकारी बनेको पाइन्छ । यसमा प्रयुक्त समध्वन्यात्मक भाषिक एकाइहरुको विन्यास, अग्रभूमीकरण (समानान्तरता र विचलन), आनुप्रासिकता आदिले कवितालाई गीतिमय र गेयात्मक बनाउँदै कवितामा भाषिक विशिष्टता प्रदान गर्नाका साथै भाव र अर्थलाई सशक्त तुल्याउने काम पनि गरेका छन् ।

### ३.२.८.४ अलङ्कार :

यस कवितामा मुख्य रुपमा अनुप्रास (मूलतः अन्त्यानुप्रास) अलङ्कारको प्रयोग हुनाले यसले कवितामा बाह्य लय उत्पन्न गरेको छ भने अर्थालङ्कारका सन्दर्भमा मुख्य रुपमा रुपक अलङ्कार र केही मात्रामा उपमा, समासोक्ति, अतिसयोक्ति, व्यतिरेक, विशेष, अप्रस्तुतप्रशंसा, गूढोक्ति, उदात्त, उल्लेख, परिकर, उत्प्रेक्षा, असङ्गति, स्वभावोक्ति आदि अलङ्कारहरुको सुन्दर र कलात्मक ढङ्गले प्रयोग गरिएको छ जसले कविताको भावलाई सशक्तता प्रदान गर्नाका साथै कविताको आन्तरिक लयलाई जीवन्त तुल्याउन पनि मद्दत पुऱ्याएको देखिन्छ ।

यस कवितामा प्रयुक्त प्रमुख अलङ्कार र त्यससम्बन्धी तथ्याङ्कहरु निम्नलिखित छन् :

**१. रुपक**

१. निधारमा लिई संसारको जरो, [५]

२. पाँच तह, बादल चाँदीका बुट्टा [९]

३. मानिसको छानो आकाश जान, पहाड दीवार [८५]

४. चून र इँट संसार होइन, गणित हिसाब [९१]

**२. उपमा**

ज्येठको आज मध्याह्न बेला सुस्ताउँछ पवन - [१]

थाकेको श्रमझैँ लिनलाई दमझैँ, [२]

छहरीमुनि बटुवासरि, स्थगित - भ्रमण [३]

**३. अतिशयोक्ति**

१. उज्यालो हीरा भुवामा हाँसे, हिमालका दौरामा ! [११]

२. बादल भुवाले मलम लाए, छातीमा चरर !  [१०८]

**४. उदात्त**

१. विशालबाट विशाल भाव विशालमा झुकेर, [७५]

विशालतिर लैजान हाम्लाई आफूलाई वर्षाउँछ, [७६]

२. धनी छ आकाश, धनी छ धरा ; धनी छ पहाड ! [९६]

**५. समासोक्ति**

१. ज्येठको आज मध्याह्न बेला सुस्ताउँछ पवन - [१]

२. उक्लेर सुस्त मौन र मस्त, [१०]

३. बालककालमा इन्द्रणी लिई बस्दथ्यो आकाशमा, [७९]

त्यसैले मलाई आँखामा पसी, [८०]

कानमा पसी, मुटुमा बसी, गीत गाउन सिकाउँछ, [८१]

गीतमा बसी संसारको ताप सकल गिज्याउँछ, [८२]

(यस पङ्क्तिमा समासोक्ति अलङ्कारसँगै पर्याय अलङ्कार पनि मिश्रित भएको छ ।)

**६. विशेष**

१. मानिसलाई दर्शाएँ दुःख, देखायो लाचारी, [६८]

प्रकृतिलाई देखाउँदा मुस्किन्, माथलाई मुसारी [६९]

**७. अप्रस्तुत प्रशंसा/अन्योक्ति**

१. काँढालाई फूलले जान्दछिन् मार्न प्रकृति केवल ॥ [७०]

**८. गूढोक्ति**

१. आकाशको कवि कल्पेर फैल्यो अबलाई गीत गाउँछ [७३]

**९. उल्लेख**

१. आफै छ जल, आफै छ खोलो, आफै छ सागर, [७७]

**१०. परिकर**

१. ऋतुको भाइ, बादलको सँगी, वायुको पियार, [८९]

चराको साथी, वनको लाल, दिव्यको मुसार ! [९०]

**११. असङ्गति**

१. धनी छ आकाश, धनी छ धरा ; धनी छ पहाड ! [९६]

हामीले भुल्यौ हिस्सा है लिन उर्लंदा चहाड ! [९७]

प्रकृति देशमा प्रवेश कम भो, कम भो बहाड ! [९८]

**१२. उत्प्रेक्षा**

फूलका पाउमा चल्दछिन् मानो, [३०]

रेशमी पोशाक सल्सलाई स्यानो, [३१]

सिमलका मेरो तकिया सम्याई, मुसार्न शिरमा ; [३२]

हरियो मानो कार्चोबी बिछ्याई, प्यारले ज्वरमा, [३३]

**१३. स्वभावोक्ति**

१. ज्येठको आज मध्याह्न बेला सुस्ताउँछ पवन - [१]

२. दुइचार काक हानिए पूर्व, शीतलको खोजमा [४]

३. दक्षिणी चुली नीलिए गाढा उपल्ला घेरामा ! [८]

यस कवितामा उपर्युक्त अलङ्कारहरुको आयोजन सहज र स्वाभाविक रुपमा गरिएको छ र यसमा प्रयुक्त अलङ्कारहरुले कविताको लय र भाव दुवैलाई जीवन्तता प्रदान गरेका छन् ।

यस कवितामा प्राकृतिक भौतिक वातावरणमा ग्रीष्मतापको ज्वर रहेको र वर्षाद्वारा त्यसको शमन भएको सन्र्दभबाट मानवीय शारीरिक र आत्मिक तहमा रहेको ज्वर र त्यसको शमन वा शान्ति गरिएको वस्तुध्वनिका साथै विरह र मिलनको विप्रलम्भ-सम्भोग श्रृङ्गार तथा करुण र शान्त रस-ध्वनि उत्पन्न गराइएको छ । मानवीय जडवादी एवम् उग्र भौतिकवादी सांसारिक ज्वरका अन्तर्ध्वनिमा व्यङ्ग्यात्मकता रहेको छ । यसरी बहुआयामिक र उच्च स्तरको व्यञ्जना शक्ति रहनु पनि यस कविताको विशेषता हो ।

### ३.२.८.५ बिम्बविधान :

श्रोता वा पाठकको मस्तिष्कमा मानसिक प्रभाव उत्पन्न गर्ने वर्णनात्मक पदावली वा आलङ्कारिक भाषा र त्यसबाट उत्पन्न हुने दृश्यमान् प्रभाव नै बिम्ब हो । यसले इन्द्रिय र अनुभूतिलाई आकर्षित तुल्याउने वस्तु र गुणका सङ्केतक शब्दहरुलाई जनाउँछ । हरेक साहित्यिक कृतिको भाषाशैलीलाई प्रभावकारी बनाउँदै भावको सघनता थप गर्ने कार्यमा पनि बिम्बले ठूलो हिस्सा ओगटेको हुन्छ ।

'ज्वरशमना प्रकृति' कवितामा पनि बिम्बहरुको आधिक्यता रहेको पाइन्छ । कविले यस कवितामा प्रकृतिसँग सम्बन्धित विभिन्न बिम्बहरुको आकर्षक ढङ्गले प्रयोग गरेका छन् । 'जेठको बेला सुस्ताएको पवन', 'पूर्वतिर हानिएका कागहरु', 'निधारमा रन्केको सांसारिक जरो', 'दक्षिणी चुली गाढा नीलो हुनु', 'तह-तह बादलका पत्रहरु', 'घामले घिरबिर दोरङ्गी डाँडा', 'सङ्गीतले ढाकिएको दक्षिणी थुम्को', 'पानीको कुहिरो', 'शीतलमा डुबेको पहाडको एक पाखो', 'रेशमी पोशाक सल्सलाएर फूलको पाउले हिँड्ने सुन्दरी', 'सिमलको तकिया', 'हरियो कार्चोबी', 'धाईको गुन्गुन', 'उत्तरको हिमाल', 'कुवेरका जुहार', 'धनीकी छोरीको कटाक्ष', 'चम्केको मेघ', 'झर्नै लागेका बादलहरु', 'आकाशमा खुलेको इन्द्रेणी', 'मोतीजस्ता असङ्ख्य जलबिन्दुहरु', 'बादलभुवाको मलम' आदि जस्ता प्रकृतिपरक बिम्बहरुको प्रयोगले कवितामा आकर्षक लय उत्पन्न भएको छ भने यसल भावको प्रष्फुटनमा पनि प्रभावकारी भूमिका निभाएको छ ।

### ३.२.८.६ शब्दचयन :

यस कवितामा तत्सम, तद्भव तथा आगन्तुक तीनैथरी स्रोतहरुबाट शब्दहरुको चयन र प्रयोग गरिएको छ । कवितामा 'पवन', 'श्रम', 'पूर्व', 'कुञ्ज', 'कर', 'जल', 'पीयूषपान', 'शमन', 'शैल', 'जगत्', 'तृण', 'सहस्रकोटी', 'भ्रमण', 'शोच', 'वायु', 'सिन्धु', 'सुषमा', 'अमित' 'आदिम','दिवस','पियार',आदिजस्ता तत्सम शब्दहरु, 'सियाली' 'पर्शे' 'जेठ' 'जरो' 'बाफ' 'इँट' 'गन्धा', 'चून', 'दम', 'झोपडी', 'निन्देर' आदिजस्ता तद्भव शब्दहरु तथा 'पोशाक', 'जुहार' 'महफिल', 'अकेला' 'दिवार', 'खजाना' 'गरीब', 'गुल्जार', 'कम', 'किनार', 'बहाड', 'तह','खुब','हावा','हिस्सा',तथा 'पोशाक', 'जुहार', 'महफिल', 'अकेला', 'दि वार' 'खजाना', 'अश्मानी' आदिजस्ता आगन्तुक शब्दहरुको प्रयोग गरिएको छ ।

यसै गरी कवितामा लय र भावलाई सुन्दर र सहज तुल्याउनका लागि विभिन्न अनुकरणात्मक, सम्बोधन जनाउने शब्दहरु, द्वित्व, समस्त शब्दहरुको प्रयोग पनि गरिएको छ । यस कवितामा 'हपहप', 'छिरबिर', 'गुनगुन', 'सरसर', 'झलमल', 'मिलिक्क', 'झरर', 'सरर', 'चरर', 'बरर', आदिजस्ता अनुकरणात्मक शब्दहरु, 'बिरुवा चरा हो', 'ए प्राणी', 'ए जीव हो' आदिजस्ता सम्बोधन जनाउने शब्दहरु, 'चूपचाप', 'छिनछिन' आदिजस्ता द्वित्वनिर्मित शब्दहरु, तथा 'दोरङ्गी', 'जलबिन्दु', 'तमतन्ने', 'लाचारी', 'सहस्रकोटी', 'बादलभुवा' आदिजस्ता समस्त शब्दहरुको प्रयोग गरिएको छ ।

यस कवितामा सुख, दु:ख, आश्चर्य आदि बुझाउने विस्मयार्थ वाक्यहरुको प्रयोग पनि प्रशस्त मात्रामा गरिएको छ जसले कविताको भावलाई अझ सशक्त बनाउन मद्दत गरेको देखिन्छ । 'जीवझैं बढ्छन् नदेख्ने गरी, अकासे गौंडामा !', 'कलिलो पर्श ! कलिली सँगी ! एकान्त गुल्जार छ !', 'धनीकी छोरीको कटाक्षभन्दा, चपला झलक्क !', 'झरीमा जस्ती कहिल्यै हुन्नन् पृथिवी धनी रे !', 'महफिल हुन्न एकान्त जस्तो स्वर्गका मनि रे !', 'बनाउँछिन् राज एक स्पर्शद्वारा प्रकृति मानिसलाई !', 'गरीब छु भनी नरोऊ मानिस ! निन्देर आफूलाई !', 'सहस्रकोटी सागरका मोती गीत गाए झरर !', 'विफलताका हज्जार ज्वाला मारेर सरर !', 'बादलभुवाले मलम लाए छातीमा चरर !' आदिजस्ता विस्मयार्थ वाक्यहरुको प्रयोग यस कवितामा गरिएको छ ।

यसरी शब्दहरुको स्रोत र भण्डारबाट शब्दचयन गरी कविले तिनलाई परिष्कार र परिमार्जन गरी तिनको आकर्षक र उपयुक्त ढङ्गले यस कवितामा प्रयोग गरेको देखिन्छ ।

### ३.२.८.७ भाषाशैलीगत विचलन :

देवकोटाले आफ्ना जीवनकालमा रचना गरेका प्रायजसो रचनाहरुमा आशुलेखनको प्रभाव भेटिन्छ । मनमा आएका भावनाहरुलाई तोडमोड नगरीकनै सर्सती लेखेर व्यक्त गर्ने अनि त्यसमा खासै फेरबदल पनि नगर्ने देवकोटाको स्वच्छन्दतावादी प्रवृत्तिको छाप यस कवितामा पनि भेटिन्छ, यद्यपि यो कविता लेख्ने समयमा देवकोटा सामान्य परिष्कारोन्मुख बनेका थिए । अन्य कवितामा भन्दा यस कवितामा परिष्कारको मात्रा केही ज्यादा देखिए पनि अझ उच्च परिष्कार देवकोटाले यसमा गर्न सक्थे तर गरेनन् । देवकोटाले आफ्नो कवितायात्राको उत्तरार्धतिर (वि.सं. २०१३) को प्रौढ-परिपक्व उमेरमा लेखेको यस कविताले

जति परिष्कार र परिमार्जन पाउनुपर्थ्यो त्यो खासै पाउन नसकेको देखिन्छ । देवकोटाका अन्य कविताहरुजस्तै यस कवितालेपनि स्तरीय परिष्कारबाट वञ्चित हुनुपरेको देखिन्छ ।

देवकोटाको उच्चतमस्तरीय कविता हुँदाहुँदै पनि सूक्ष्म तरिकाले हेर्दाखेरि यस कवितामा शब्दचयन, शब्दस्थापन, छन्दको नियम विपरीतको पङ्क्तियोजना आदि क्षेत्रमा कमजोरीहरु फेला पर्दछन् ।

देवकोटाले यस कविताका कतिपय स्थानहरुमा समाजमा कम प्रचलित र कविताको स्तरलाई छुन नसक्ने शब्दहरुको प्रयोग गरेका छन् । जस्तै : 'हर्षले दु:खी भई' [११०] 'निन्देर आफूलाई' [१०५] , 'छेकारी' [३६], 'शमन' [३८] , 'तान्नेको' [४२], 'लमतन्ने' [४२] 'इङ्गित' [९५], 'बहाड' [९८], जस्ता शब्दहरुले देवकोटको परिष्कार क्षमताको कमजोरी देखाउँछ ।

यसै गरी देवकोटाले यस कवितामा कतिपय स्थानमा शब्दहरूको विन्यास वा स्थापनमा ध्यान नदिएको देखिन्छ । शब्दहरूलाई एक-अर्कोसँग तालमेल नमिलाएर त्यसको भाव र काव्यिक शोभा पनि नखजमजिने गरी शब्दस्थापन वा विन्साय गर्नमा देवकोटा यस कविताभित्र धेरै ठाउँ चुकेका छन् :

१. कलिला हातले सम्याउँछिन् जीवन, पीडितमा जरोले ! [३९]

२. ए ! साथी ! हाम्लाई सम्झिने कोही छ, बिरुवा ! चरा हो ! [४५]

३. घामले दु:खी ए फूल राम्रा ! नबोल्ने कुरो हो ! [४६]

४. सुखका घडी भएनन् त्यस्ता [६५]

५. बिताएँ मैले अकेलाजस्ता [६६]

६. प्रकृतिसाथमा ! [६७]

(६५, ६६ र ६७ औँ पङ्क्ति बीचमा लयविधान, भाषा र भावको त्रिकोणात्मक तारतम्य नमिलेको देखिन्छ ।)

७. मानिसभन्दा ठूलो छ मानिस, मानिसमा विचार [८६]

(८६ औं पङ्क्तिमा दोहोरिएको 'मानिस' शब्द लय मिलाउनका लागि मात्र पुनरावृत्त गरिएको देखिन्छ भाव गाम्भीर्यका दृष्टिवाट यी दुई शब्दहरुको आपसी तालमेल नमिलेको देखिन्छ ।)

८. गरिब मानिस सम्झेर रुन्छु हर्षले दुःखी भई, [११०]

(११० औं पङक्तिमा आएको 'गरिब मानिस' र 'हर्षले दुःखी' शब्दका बीच भावगत दृष्टिले तादात्म्य तारतम्य नमिलेको देखिन्छ ।)

९. यो धन बाँड्न मन लाग्छ मलाई समाजमा हरर ! [१११]

(११० र १११ औं पङ्क्ति बीचमा अन्त्यानुप्रास विधान पनि नमिलेको देखिन्छ । )

देवकोटाले यो कविता लोकलयात्मक झ्याउरे छन्दमा रचेका छन् । जसको लयसंरचनाअन्तर्गत एक पङ्क्तिको ३+२, ३+२, ३+३ वर्णगुच्छाको सोह्र (१६) अक्षर रहेका हुन्छन् तर यस कवितामा देवकोटाले छन्दको उपर्युक्त नियमभन्दा भिन्न नयाँ ढङ्गले (खण्डचरणहरुको पङ्क्तियोजना गरी) कविताका पङ्क्तिहरु सिर्जेका छन् । जस्तै :-

१. निधारमा लिई संसारको जरो, [५]

२. छु , आफ्नो गुँडको झ्यालको चरो, [६]

३. खँदिला चुली बाफ भई उक्ली [१२]

४. चुलीमा चुली बाफ फुली, निक्ली [१३]

५. फूलका पाउमा चल्दछिन् मानौँ, [३०]

६. रेशमी पोशाक सल्सलाई स्यानो, [३१]

७. आँखा र कान मुटुले हेर ! [१००]

८. संसार छिनछिन अद्‌भुत छ धेर ! [१०१]

यसै गरी उनले यस कवितामा एउटा मात्र शब्दको पनि पङ्क्तियोजना गरेका छन् :। जस्तै :- प्रकृतिसाथमा ! [६७]

यस कवितामा देवकोटाले सूक्ष्म अन्तराख्यानको प्रयोग गरेका छन् तर त्यस अन्तराख्यानको कवितासँग राम्रो तादात्म्य सम्बन्ध देखिँदैन । मानिस रोगाएको, ज्वरोले छट्पटाएको, त्यसवाट छुटकारा चाहेको र वर्षाद्वारा ज्वरको शमन भएको प्रसङ्गलाई जोड्न

आएको आख्यान र कविको निजी दर्शनबीच काव्यात्मक संश्लेषणमा कमी भएको देखिन्छ । कविले एकातिर उठेको वा सुरु भएको आख्यानलाई क्रमिक रुपले विस्तार गर्दै आख्यान र कवित्त्व मिलाएर लैजानुको अतिरिक्त आफ्ना निजी भावना र दर्शनलाई ज्यादा पोखेका छन् ; आत्मपरक भावावेगमा बढी दौडिएका छन् ।

विराट् साहित्यिक प्रतिभाका धनी व्यक्तित्त्व हुँदाहुँदै पनि उनका रचनामा कमी-कमजोरीहरु भेटिनुले उनी रचनाको प्रबन्धात्मकता, संरचनात्मक प्रवाह, भाषिक व्यवस्था र शिल्प परिष्कारतर्फ, खासै ध्यान नदिई आफ्ना मनका निजी भावना र विचारलाई कागजमा केर्दै आफ्नो आशुलेखनको क्षमता प्रदर्शन गर्न हतारिन्थे भन्ने देखिन आउँछ । स्वच्छन्दतावादी कवि भए पनि आफ्नो उत्तरार्ध खण्ड विशेषतः 'कृषिबाला' (वि.सं. २०१२) को परिष्कार र 'मुनामदन' (वि.सं. २०१२) को परिवर्द्धन र स्तरीकरणपछि (जोशी, २०४७:१६४) परिष्कार, परिमार्जन र स्तरीकरणतर्फ विशेष तत्पर रहेको समयमा लेखिएको यस कविताका विभिन्न स्थानहरुमा देखिएका कमी-कमजोरीले देवकोटाले आफ्नो विराट् प्रतिभालाई धैर्यपूर्वक अनि सिँगारेर प्रस्तुत गर्न नसकेको देखिन आउँछ यद्यपि यो कविता देवकोटाको उच्चतमस्तरीय कविताअन्तर्गत पर्दछ र यी कमजोरीहरु उनको यस कविताको गुणपक्षका तुलनामा सामान्य नै देखिन्छन् ।

### ३.२.८.८ विलियम वर्डस्वर्थको 'द वर्ल्ड इज टु मच् विथ् अस्' (सन् १८०७) र देवकोटाको 'ज्वरशमना प्रकृति' (वि.स. २०१३) बीचको सङ्क्षिप्त तुलना :

लक्ष्मीप्रसाद देवकोटा बेलायतका स्वच्छन्दतावादी कवि विलियम वर्डस्वर्थको 'द वर्ल्ड इज टू मच् विथ् अस्' शीर्षकको १४ पङ्क्तिको लघुकविता तथा फ्रान्सका दार्शनिक तथा समाजशास्त्री जीन ज्याक रुसोको 'प्रकृतितर्फ फर्क' भन्ने दर्शनबाट प्रभावित भई त्यसलाई पूर्वीकरण गर्दै निजी मौलिकताको मिश्रण गरी 'ज्वरशमाना प्रकृति' कविता रचना गरेका छन् भनी धेरै नेपाली समालोचक तथा विश्लेषकहरुको तर्क रहेको पाइन्छ । जोशी, (२०४७: ११८), जोशीकै, (२०४८: ३४१) तथा त्रिपाठी, (२०४६:२२३) मा देवकोटाले यस कविता वर्डस्वर्थको 'द वर्ल्ड इज टु मच् विथ् अस्' शीर्षकको लघुकविताबाट प्रेरित र प्रभावित भई रचना गरेका हुन् भनी उल्लेख गरिएको देखिन्छ ।

देवकोटाको 'ज्वरशमना प्रकृति' कवितामा वर्डस्वर्थको 'द वर्ल्ड इज टु मच् विथ् अस्' कविताको अर्थगत कोणबाट प्रभाव पर्न गएको देखिन्छ । देवकोटाको यस

कविताको संरचनात्मक अध्ययनका क्रममा वर्डस्वर्थको कविताको अर्थगत प्रभावको विश्लेषण गर्नका लागि यी दुई कविता बीचका प्रमुख समानता र असमानतालाई तुलना गरी हेर्नु सान्दर्भिक देखिने भएकाले यहाँ यी दुई कविताका बीचका समानता र असमानतालाई तुलना गरी हेर्न सकिन्छ :

## विलियम वर्डस्वर्थको 'द वर्ल्ड इज टू मच् विथ् अस्' कविताको नेपाली अनुवाद

### सांसारिकता अतिशय भयो

सांसारिकताले हामीलाई अतिशय थिचेको छ
आम्दानी र खर्चको दौडबाजीमा, ढिलो वा चाँडो
हामी आफ्ना वर्चस्व खेर फाल्दैछौँ ।
प्रकृति हाम्रो आफ्नै हो तर थोरै मात्र चासो राख्छौँ
हृदयविहीन छौँ हामी, अभिशप्त छौँ -
चन्द्रमातिर वक्षस्थल फैलाउँदै छ समुद्र
प्रत्येक प्रहर सुसेल्दै बहन्छ हावा
तर लोभ्भाएका फूलझैँ थुप्रिरहेछन्  यी अहिले
अनाडी छौँ हामी यस्ता गतिविधिहरुमा
ए परमेश्वर !
बरु म पुरानै मान्यतामा हुर्किएको
प्रकृतिपूजक एक पेगन नै भएको भए
यो आनन्दमय मैदानमा उभिएर यी दृश्यहरु हेर्दो हुँ
समुद्रबाट उठेका प्रोटिउस देवका अनेक रुप नियाल्दो हुँ
अथवा बुढा ट्रिटोनले फुकेका नरसिंङ्गा सुन्दो हुँ
तिनले मलाई यतिविधि दिग्दार बनाउन्नथे ।

अनु . नीलम शर्मा र ऋषिराम भुसाल

✳ यसको मूल अङ्ग्रेजी पाठ परिशिष्टमा छ ।

देवकोटाको 'ज्वरशमना प्रकृति' र वर्डस्वर्थको 'द वर्ल्ड इज टू मच् विथ् अस्' कवितालाई तुलनात्मक दृष्टिले हेर्दा कतिपय समानता र कतिपय असमानता भेटिन्छ जो स्वाभाविक पनि हो किनकि देवकोटाको यस कवितामा वर्डस्वर्थको कविताको प्रभाव छ ।

प्रभाव हुनु भनेको नक्कल गर्नु होइन । देवकोटाले वर्डस्वर्थको नक्कल गरेका होइनन् । अतः दुई भिन्न कवितामा हुने भिन्नता तथा समानता यी दुई कवितामा पनि छन् ।

समानताका कुराहरु हेर्दा दुवै स्वच्छन्तावादी प्रकृतिप्रेमी कवि भएकाले उनीहरुको प्रकृतिलाई हेर्ने दृष्टिकोणमा समानता पाइन्छ । वर्डस्वर्थले प्रकृतिलाई आफ्नो एक्लोपन र उदासीका मुक्तिदाताका रुपमा प्रस्तुत गर्छन् भने देवकोटाले प्रस्तुत गरेको प्रकृति चिकित्सक धाई, माता, प्रेमिका, सँगी आदिका रुपमा आएर ज्वरले पीडित मानव तथा सम्पूर्ण जीव प्राणी र वनस्पतिको उपचार गर्न सक्षम छ । दुवै कवितामा प्रथम पुरुष 'म' पात्र मार्फत् कवि बोलेका छन् । दुवै कवितामा भौतिक संसारमा व्याप्त पीडा, दैन्य, क्षुद्रता तथा सांसारिक दुनियाँमा मानवीय अतिसंलग्नता, यसको फलस्वरुप प्रकृतिबाट विमुख भएको सन्दर्भको उल्लेख रहेको छ । प्रकृतिचित्रण गर्दा देवकोटाले बादलहरुलाई सजीव तुल्याउँछन् भने वर्डस्वर्थ समुन्द्रलाई । दुवैले प्रकृतिलाई मानवीकरण गरेका छन् । दुवै कवितामा शान्त र एकान्त वातावरणको चित्रण गरिएको छ । दुवै कवितामा कविहरुले प्रकृतिलाई आफ्नो र आफूलाई प्रकृति भन्ने आत्मीयता प्रस्तुत गरेका छन् ।

यी दुई भिन्न कविताका असमानताहरु पनि प्रशस्त भेट्टाउन सकिन्छ । देवकोटाको कविता आद्योपान्त १११ पङ्क्तिहरुमा संरचित छ । जसमा ६ भाग, १४ पङ्क्तिपुञ्जहरु छुट्टयाएर देखाइएको छ भने वर्डस्वर्थको कविता १४ पङ्क्तिको सनेट हो जसमा भाग तथा पङ्क्तिपुञ्जलाई छुट्टयाएर देखाइएको छैन ।

वर्डस्वर्थले भन्दा देवकोटाले प्रकृतिका विविध रुपहरुको वर्णन अधिक मात्रामा गरेको पाइन्छ । देवकोटाले कतै पनि आफ्नो धार्मिक आस्था, प्रकट गरेका छैनन् भने वर्डस्वर्थले आफू 'पेगन' नभएको (अथवा क्रिस्चियन भएको) कुरा दर्शाएका छन् । आफू 'पेगन' (पुराना जातिको अर्थात् क्रिस्चियन धर्मको उदय हुनु अगावैको, उनको इसारा ग्रीक वा ल्याटिन साहित्यतिर हो) भएर हुर्किएको भए उनलाई पनि प्रकृतिका ती अनौठा झलकको अनुभूति हुँदो हो भनी भूत कालको कुनै अवधिको रहर वा सम्झनालाई अभिव्यक्त गरेका छन् तर देवकोटाको कवितामा यसप्रकारको अभिव्यक्ति रहेको पाइँदैन ।

देवकोटाको कविता कुनै धर्मप्रेरित देखिँदैन । उनको यो कविता धर्मनिरपेक्ष किसिमको देखिन्छ । यो कविता पूर्वीय अध्यात्मिक चिन्तनबाट अनुप्राणित छ तर धर्मनिरपेक्ष किसिमको देखिन्छ । उनले प्रकृतिलाई 'प्रकृतिदेवी' भनी सम्बोधन गरी प्रकृतिप्रतिको आफ्नो

उच्च सम्मान व्यक्त गरेका छन् । प्रकृति नै मानवको सुखी जीवनको आधार हो र यसबाट विमुख हुनाले जीवन दुःखपूर्ण बन्दछ; मानवले शारीरिक र मानसिक पीडा व्यहोर्नुपर्दछ भन्ने कुरा देवकोटाले आफ्नो कवितामा व्यक्त गरेका छन् ।

वर्डस्वर्थको कवितामा इसाई धर्मको प्रभाव देखिन्छ । यस कवितामा प्रयुक्त 'म' पात्रले आफू इसाई धर्मको युगमा नजन्मिई 'पेगन' युगमा जन्मिएको भए जीवन सुखी हुने कुरा व्यक्त गरेका कारणले यो कविता धर्मसापेक्ष किसिमको देखिन्छ । वर्डस्वर्थले आदिम सभ्यता (पेगन युग) र आधुनिक वर्तमान सभ्यताको बीचबाट प्राकृतिक जीवनको खोजी यस कवितामा गर्न खोजेको देखिन्छ ।

वर्डस्वर्थको कवितामा मानव प्रकृतिबाट विमुख भएको कुरा मात्र आएको छ भने देवकोटाको कवितामा मानव प्रकृतिबाट विमुख भएको कुरासँगै त्यसबाट उसको जीवनमा परेको प्रभाव, शारीरिक र मानसिक पीडाको सबिस्तार वर्णन भएको छ ।

देवकोटाको कविता विशुद्ध प्रकृतिप्रेम अनि मानवतावादतर्फ झुकेको छ भने वर्डस्वर्थको कवितामा प्रकृतिप्रेमको भावनासँग धार्मिक आस्था पनि प्रकटिएको छ । देवकोटाले आफ्नो कवितामा सर्वत्र प्रकृतिको मात्र महिमागान गाएका छन् तर वर्डस्वर्थले आफ्नो १४ पङ्क्तिको कविताको एक तिहाइ भागमा धार्मिक आस्था पनि प्रकट गरेका छन् ।

देवकोटाले प्रकृतिलाई दैवीस्वरुप प्राप्त शक्तिका रुपमा देखाएका छन् तर यो स्वरुप धर्मनिरपेक्ष रुपमा प्रस्तुत गरेका छन् । कवितामा पूर्वीय अध्यात्मिक दर्शनलाई प्रस्तुत गरेका छन् । प्रकृतिलाई मानव र ईश्वरलाई जोड्ने साँघुका रुपमा परिकल्पना गरेका छन् । यिनले प्रकृतिलाई केवल 'प्रकृति'का रुपमा मात्र चित्रण नगरी धाई, आमा, सँगी आदि विविध रुपमा प्रस्तुत गरेका छन् । वर्डस्वर्थले भने आफ्नो कवितामा प्रकृतिलाई आनन्ददायक तथा चित्ताकर्षक रुपमा देखाए पनि प्रकृतिलाई मानव र ईश्वरलाई जोड्ने साँघुका रुपमा देखाइएको छैन । कवितामा प्रकृतिका विविध रुपहरुको वर्णन नगरी प्रकृतिलाई विशुद्ध 'प्रकृति' का रुपमा मात्र चर्चा गरेका छन् । प्रकृतिसँगको वियोगको कलात्मक प्रस्तुति धर्मसापेक्ष रुपमा यस कवितामा वर्डस्वर्थले गरेको देखिन्छ ।

छन्द, अलङ्कार आदिका दृष्टिले पनि यी दुई कवितामा धेरै असमानता रहेको पाइन्छ । देवकोटोको कविता झ्याउरे छन्द तथा रुपक, अनुप्रास आदि अलङ्कारले सु-शोभित छ भने वर्डस्वर्थको कविता सनेटको संरचनामा आबद्ध परम्परित छन्दमा कम मात्र

अलङ्कारद्वारा सजिएको छ । यस्ता अनेकौं असमानताहरु हुँदाहुँदै पनि दुवै कविताको भाव र मर्म एउटै हो भन्न सकिन्छ । यी दुई कविताका समान र असमान पक्षलाई केलाउँदा असमान पक्षभन्दा समान पक्ष बढी गहकिलो र वजनदार पाउन सकिन्छ ।

# परिच्छेद : चार

## व्याख्या र निष्कर्ष

नेपाली कविता जगत्मा स्वच्छन्दतावादी कविताचेतनाको बीजारोपण गर्ने समग्र नेपाली कविता फाँटकै सर्वोच्च व्यक्तित्त्व लक्ष्मीप्रसाद देवकोटाका केही उत्कृष्टतम तथा उच्चतम कविताहरु मध्येको 'ज्वरशमना प्रकृति' कवितामा उनले प्रकृतिप्रतिको आफ्नो अनन्त प्रेम तथा अध्यात्मप्रतिको अटल विश्वासलाई प्रस्तुत गरेका छन् यद्यपि यो अध्यात्मिक विश्वास धर्मको सम्प्रदायगत सङ्कीर्णतबाट मुक्त र सम्पूर्ण विश्वब्रम्हाण्ड-लाई आत्मसात् गर्ने उदार अनि फराकिलो रहेको देखिन्छ ।

निकै भावुक स्वभाव, उच्च कल्पनाशीलता र विराट् कविप्रतिभा भएका देवकोटाको यस कवितामा पनि अन्य कवितामा जस्तै वस्तुपरकता कम र आत्मपरकता ज्यादा रहेको देखिन्छ; जुन स्वच्छन्दतावादी कविहरूको विशेषता पनि हो । यस कवितामा उनले प्रकृति, जगत् र जीवनका विविध अनुभव-सन्दर्भ, पूर्वीय अध्यात्मवादी दर्शन, राष्ट्रप्रेम, प्रकृतिप्रेम, शून्यप्रायः हुँदै गइरहेको मानवतावाद आदिको विराट् सेरोफेरोमा आफ्ना अभिव्यक्तिहरु प्रस्तुत गरेका छन् ।

कुमारबहादुर जोशी, वासुदेव त्रिपाठीजस्ता चर्चित तथा शीर्षस्थ समालोचकहरूको विश्लेषणअनुसार बेलायती महान् कवि विलियम वर्डस्वर्थको **द वर्ल्ड इज टू मच् विथ् अस्** शीर्षकको कविता र रुसोको 'प्रकृतितर्फ फर्क' भन्ने दर्शनबाट प्रेरित-प्रभावित भई पाश्चात्य स्वच्छन्दतावादी काव्यचेतनामा पूर्वीय अध्यात्मवादी चिन्तनको मिश्रण निजी मौलिकताका साथ गरिएको यो कविता देवकोटाले आफ्नो कविता-यात्राको पाँचौं चरण (वि.स. २०१०-२०१६) को दोस्रो उपमोड (वि.स. २०१३-२०१५) मा रचना गरेका हुन् । यस उपमोडमा देवकोटाको लेखकीय प्रवृत्ति व्यङ्ग्य-विद्रोह एवं क्रान्तिमूलक प्रगतिवाद र मानवतावाद तथा प्रकृतिपरक स्वच्छन्दतावाद दुवैको अन्तरमिश्रण गर्दै परिष्कृत र स्तरीय काव्यात्मक अभिव्यक्तितर्फ उन्मुख रहेको देखिन्छ । प्रस्तुत कवितामा पनि स्वच्छन्दतावादी-प्रकृतिकेन्द्री चेतना प्रबल रुपमा आएको तथा भाषाशैली पनि परिष्कारोन्मुख किसिमको पाउन सकिन्छ ।

लोकलय वा झ्याउरे छन्दमा लेखिएको यो कविता ६ भागमा संरचित छ । पहिलो भागमा ३ पङ्क्तिपुञ्ज : २१ पङ्क्ति; दोस्रो भागमा २ पङ्क्तिपुञ्ज : १९ पङ्क्ति; तेस्रो भागमा

३ पङ्क्तिपुञ्जः १५ पङ्क्ति; चौथो भागमा १ पङ्क्तिपुञ्जः १५ पङ्क्ति; पाँचौँ भागमा १ पङ्क्तिपुञ्जः १४ पङ्क्ति; र छैँठौँ भागमा ४ पङ्क्तिपुञ्जः २७ पङ्क्तिहरू रहेका छन् । आद्यानुप्रास, मध्यानुप्रास, अन्तरअनुप्रास र अन्त्यानुप्रासको सहज आयोजना रहेको यस कवितामा ९२ पूर्ण चरण र १९ खण्ड चरण गरी जम्मा १११ पङ्क्तिहरू रहेका छन् । यस कवितामा सरल, बोधगम्य र सुकुमार भाषाशैली, नवीन बिम्बहरूको प्रयोग तथा व्यञ्जनापूर्ण र सघन भाव तथा सहज अभिव्यक्तिले कविता उच्च कोटिको बनेको देखिन्छ ।

यस कवितामा प्रकृतिलाई 'ज्वरशमना' विशेषणबाट मानवीकृत गर्दै स्त्री रूपमा देखाइएको छ । प्रकृतिलाई परिचारिका, नर्स वा धाईको बिम्बात्मक रूपमा प्रस्तुत गरिएको छ । ज्वरार्त पृथ्वीवासी सम्पूर्ण मनुष्यजाति, अन्य प्राणी तथा जीव र वनस्पतिको ज्वरको शमन गर्ने वा ज्वरलाई शान्त बनाउने प्रकृतिलाई माता, सुन्दरी (प्रेमिका) तथा सँगीका रूपमा पनि देखाइएको छ ।

कविले यस कवितामा सर्वत्र प्रकृतिको महिमागान गाएका छन् । कवितामा कविले ज्वर वा तापको तीन स्तर प्रस्तुत गरेका छन् : बाह्य भौतिक ताप, मानवीय शारीरिक ताप तथा मानवीय अन्तरहृदयको ताप ।

यहाँ कविले बाह्य भौतिक ताप र मानवीय शारीरिक तापको कारण बाह्य प्रकृतिसँग दूरी बढाउनु हो र यदि प्रकृतिसँगको दूरी कम गर्न सकेमा यी तापहरू क्रमशः हराउँदै जान्छन् भन्ने निष्कर्ष दिएका छन् भने मानवीय आन्तरिक अन्तर्हृदयमा उत्पन्न ज्वर अथवा तापको कारण मानवको क्षुद्रता, उत्पीडन, द्रव्यमोह, अध्यात्मिक चिन्तनको कमी, सांसरिक मोहजाल आदी हुन् जसलाई मानवले अध्यात्मवादी सोच र चिन्तनले पखालेर तापमुक्त गर्न सक्छ । देवकोटाले प्रकृतिसँगको समीपता र अध्यात्मिक चिन्तन नै भौतिक तथा मानसिक ज्वरलाई निर्मूल गर्न सक्ने एक मात्र शक्ति हुन् भन्ने देवकोटाको निष्कर्ष रहेको छ ।

काठमाडौँ उपत्यकाको दक्षिणी तथा उत्तरी क्षितिजको प्राकृतिक परिवेशलाई यस कवितामा देखाउन खोजिए पनि यसले सम्पूर्ण विश्वजगत्को परिवेश-लाई आफूमा समेट्न सकेको पाइन्छ । कविले यस कवितामा मनुष्यजातिलाई 'तिमी' भनी मध्यम पुरुषले सम्बोधन गरी प्रकृतिको काखमा फर्कनका लागि अनुरोध गरेका छन् । पाश्चात्य स्वच्छन्दतावादी प्रवृत्ति र पूर्वीय अध्यात्मवादी चिन्तनको मिश्रण रहेको यस

कवितामा मानिस भौतिक सुखभोगका कारण अध्यात्मिक चेतनाबाट विमुख हुँदै गएको सन्दर्भ देखाई भौतिकवाद र अध्यात्मवाद बीचको द्वन्द्वलाई प्रस्तुत गरिएको छ । प्रस्तुत कविताका पूर्वार्द्ध (भाग १-३) मा कविले ग्रीष्म ऋतुको जेठ महिनाको प्रचण्ड गर्मीको समय र त्यसले सम्पूर्ण धर्ती, जीव, वनस्पति तथा प्राणीजगत्मा परेको ज्वरको असरलाई प्रस्तुत गरी उक्त ज्वरको शमनको प्रसङ्ग पनि प्रस्तुत गरेका छन् भने उत्तरार्ध ( भाग ४-६) मा चाहिँ आफ्नो स्वच्छन्दतावादी प्रकृतिकेन्द्री जीवनदृष्टिका साथै अध्यात्मिक चिन्तन र दर्शनको भाव-बिम्बमय प्रस्तुति गरेका छन् । प्रकृतिबाट विमुख भएर मानिसले शारीरिक र आत्मिक कुनै प्रकारले सन्तुष्टि र सुख नपाउने कुरालाई यस कवितामा व्यञ्जनापूर्ण तरिकाले अभिव्यक्त गरिएको छ ।

ज्येष्ठको प्रचण्ड गर्मी सहन नसकी काक(कौवा) शीतलको खोजी गदै पूर्वतिर लागेको र पात्र अर्थात् कवि पनि निधारमा जरो बोकेर शीतलको खोजमा हिँडेको र 'म' पात्रले आफ्नो ज्वर सम्पूर्ण जीव र प्राणी लगायत फूल, बिरुवा, घाँस तथा चरामा पनि बिस्तार गरको प्रसङ्गबाट सुरु भएको कवितामा अधिक तापपछि आकाशमा बादल लागेको र पछि वर्षा हुन गई तापज्वरको शमन भएको सन्दर्भ रहेको छ । वर्षा हुनुलाई कविले ज्वरार्त रोगीहरूलाई प्रकृतिले गरेको औषधि-उपचार भनेका छन् भने प्रकृतिलाई नर्स वा धाईको संज्ञा दिएका छन । यी विविध सन्दर्भलाई कविले विभिन्न अन्तर्पात्रका माध्यमबाट सूक्ष्म अन्तराख्यान सिर्जना गरी प्रस्तुत गरेका छन् ।

मनुष्यजाति सांसारिक अति संलग्नताको फलस्वरूप प्रकृतिबाट टाढा हुँदै गएको र उसको मानवीय चेतनामा दैन्य, क्षुद्रता, उत्पीडन आदिको ज्वर बढ्दै गएको सन्दर्भ कवितामा आएको छ । कविका दृष्टिमा भौतिक सम्पत्ति र सांसारिक लेनदेन तथा नाफानोक्सानलाई मात्र अंगालेर मानिस जति प्रकृतिबाट टाढा हुन्छ त्यति नै ऊ सांसारिक ज्वरले पीडित बन्दछ भन्ने अभिमत राखिएको छ । यी सबै ज्वर कुनै एक व्यक्ति, समाज वा युगको मात्र नभएर सम्पूर्ण विश्वजगत्को समस्या हो र यो सार्वभौम र सार्वकालिक समस्या वा ज्वर हो भन्ने कविको ठहर रहेको छ । संसारैभर मानवताको गिर्दो अवस्था, भौतिक सुखोन्मुखतावादी प्रवृत्ति, लोभलालच, अहङ्कार, गरिबी, अभाव आदिको ज्वर व्याप्त रहेको छ र यिनै सांसारिक ज्वरका कारण मानवजाति सुखी हुन सकेको छैन र यी सबैबाट मुक्ति दिलाउन सक्ने केवल प्रकृति मात्र हुन् भनी भौतिक

प्राकृतिक ज्वर, मानवीय शारीरिक ज्वर र मानवीय आन्तरिक चेतनामा उत्पन्न ज्वरको शमन गर्न सक्ने प्रकृतिको असाधारण शक्तिको कविले खुलेर प्रशंसा गरेका छन् ।

यसरी स्वच्छन्दतावादी-प्रकृतिकेन्द्री जीवनदृष्टिमा पर्याप्त निजत्वका साथ पूर्वीय अध्यात्मिक चेतको मिश्रण गरी लेखिएको प्रस्तुत कवितामा कविले मानवजातिलाई प्रकृतिको सामीप्यमा रहन आह्वान गरेका छन् । प्रकृतिको अद्भुत शक्तिले मानवका सम्पूर्ण दु:ख-पीडा निको पार्न सक्छन् । ज्वर शान्त गर्न सक्छन् । पृथिवीका जीव, प्राणी तथा वनस्पतिमा उत्पन्न ज्वर, मानवको शरीरमा उत्पन्न ज्वर तथा मानवको अन्तर्हृदयमा उत्पन्न ज्वरको शमन वा शान्ति प्रकृतिले मात्र गर्न सक्छिन् भन्दै कविले आफ्नो प्रकृतिप्रमी भावनालाई निकै सुन्दर र कलात्मक ढङ्गले व्यक्त गरेका छन् । प्रस्तुत कवितामा देवकोटाले आफू बाँचेको तत्कालीन समाजको भौतिक प्राकृतिक परिवेश र त्यसबेलाको युगजीवन वा जीवनभोगाइलाई यसमा अभिव्यक्त गरेका छन् ।

यहाँ तीनैथरी ज्वरको शमन प्रकृतिद्वारा गरिएको देखाइएकाले विषयवस्तु र भावअनुसार कविताको शीर्षक सार्थक रहेको देखिन्छ । कविताको भाषाशैली उनका अन्य कविताका तुलनामा स्तरीय र परिष्कृत किसिमको देखिन्छ । देवकोटाले आफ्ना मानवतावादी स्वरहरुलाई प्रकृतिका विभिन्न बिम्ब-प्रतीकका माध्यमबाट प्रकट गरेका छन् । यस कवितामा तत्सम, तद्भव तथा आगन्तुक तीनैथरी श्रोतका शब्दहरु प्रयोग भएका छन् । अग्रभूमीकरण, कोशीय एवम् पदक्रमगत विचलन, समानान्तरता, पुनरावृत्ति, प्रकृतिपरक विविध बिम्बहरुको आयोजन तथा आनुप्रासिक शब्दविन्यासका कारण कविता लयात्मक तथा गेयात्मक बनेको छ । यस कवितामा रुपक, उपमा आदि थुप्रै अलङ्कारहरुको प्रयोगले भाव र शैली दुवै पक्षलाई बलियो बनाएको देखिन्छ ।

कतिपय ठाउँमा नवीन, अप्रचलित तथा कम प्रचलित शब्दहरुका प्रयोगका कारण उपयुक्त शब्द चयन, परिष्कार र स्तरण हुन नसकेको देखिन्छ; यसले कविताका कतिपय स्थानमा सहजताको अभाव सृजना गरेको देखिन्छ । छन्द वा अनुप्रास जबरजस्ती मिलाउन खोज्दा कतिपय स्थानमा शब्दहरुको आपसी तालमेल खजमजिएको देखिन्छ । कवितामा आएका खण्डचरण लोकलय वा झ्याउरे छन्दका अक्षरसंरचनाको नियमानुसार नरहेको देखिन्छ भने कवितामा प्रयुक्त सूक्ष्माख्यान र कवित्त्वबीच सन्तुलन नमिलेको देखिन्छ । यस कवितामा आख्यानको क्रमिकबिस्तारभन्दा कविको एकालापीय आत्मपरक भावावेग ज्यादा प्रबल बनेर आएको पाइन्छ ।

देवकोटा र वर्डस्वर्थको माथि उल्लेखित कवितामा संरचना र भाव दुवै पक्षमा सामान्य समानता र असमानता देखिन्छ । वर्डस्वर्थको 'द वर्ल्ड इज टु मच् विथ् अस्' कविता कविताको लघु रुप सनेट हो भने देवकोटाको 'ज्वरशमना प्रकृति' कविता झण्डै-झण्डै खण्डकाव्यको संरचनामा पुग्न खोज्ने फुटकर कविता हो । यी दुवै कवितामा कविहरुले आफ्नो मौलिकतानुसारको पद्य लयको प्रयोग गरेका छन् । दुबै कवितामा कविद्वारा प्रकृतिको महिमागान गाइए पनि वर्डस्वर्थको कविताका तुलनामा देवकोटाको कवितामा प्रकृतिका विविध रुपहरुको वर्णन व्यापक रहेको पाइन्छ । वर्डस्वर्थ आफ्नो कवितामा धर्मसापेक्ष भएर देखिएका छन् । उनको कविता इसाई धर्मप्रेरित देखिन्छ भने देवकोटा आफ्नो कवितामा मानवतावादी भावना र अध्यात्मिक आस्थाले ओतप्रोत भए पनि धर्मनिरपेक्ष भएर देखिएका छन् ।

कविताका संरचनात्मक प्रकारका आधारमा यस कवितालाई निबन्धात्मक कविताअर्न्तगत वर्गीकरण गरिएको छ । सूक्ष्म आख्यानको प्रयोग गरिएकाले तथा प्रगीतात्मक र आख्यानात्मक दुवै प्रकारका कविताका अभिलक्षण यस कवितामा भेटिनाले पनि यसलाई निबन्धात्मक कविता भनेर मान्न सकिन्छ । आख्यानात्मक कवितामा जस्तो पूर्णआख्यान पनि नभएको र प्रगीतात्मक कविताजस्तो आख्यानरहति पनि नभएको र सूक्ष्म आख्यानको प्रयोगबाट काव्यात्मक शैलीमा कविका अनुभव, प्रतिक्रिया वा विचारको प्रतिपादन गरिएकाले यो कविता निबन्धात्मक कविता हो भनी मान्न सकिन्छ ।

यसरी नेपाली लोकलय वा झ्याउरे छन्दमा जम्मा ६ भागमा संरचित यस कवितामा सरल, सहज भाषाशैली; विभिन्न बिम्बहरुको प्रभावकारी प्रयोग; विविध अलङ्कारहरुको आकर्षक प्रयोग; अभिव्यक्तिको संयमितता र परिष्कृतताले कविताको स्तरलाई माथि उठाएको छ । यस कवितामा मुख्यतः बाह्य (वातावरणीय र जैविक-शारीरिक) तथा आन्तरिक ज्वर (सांसारिक क्षुद्रता र अहङ्कारको अन्तर्ज्वर) को शमनकार्यमा प्रकृति (स्त्रीत्व आरोपित, मानवीकृत र दिव्य स्पर्श प्राप्त परिचारिका) को असामान्य भूमिकालाई देखाइएको छ ।